का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ असार २०८२,
सोमबार
7 July, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १५५ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# शिक्षा विधेयकमा तर्कँदै सरकार



“ शिक्षक बढुवाका विषयमा विवाद छ, विधेयक समितिबाट होइन सरकारकै कारण रोकिएको हो

**अम्मरबहादुर थापा**
सभापति
शिक्षा, विज्ञान तथा प्रविधि समिति

“ कतिपय सरोकारवालाहरूकै कुरा नमिल्दा र हामीले भनेको जस्ताको तस्तै हुनुपर्छ भन्ने कुराले शिक्षा ऐन आउँछ कि आउँदैन भन्ने प्रश्न उब्जिएको छ

**विद्या भट्टराई**
पूर्वशिक्षामन्त्री

“ विधेयक बहुमत र अल्पमतबाट पारित गर्ने भन्दापनि सर्वसम्मतरूपमा पारित गर्नुपर्ने दायित्व भएकाले सदस्यहरुको साझा बुझाइ र सहमतिकै आधारमा निर्णय गर्नुपर्छ

**श्याम घिमिरे**
मुख्य सचेतक
नेपाली कांग्रेस



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २२ असार ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, विज्ञान तथा प्रविधि समितिमा छलफलका क्रममा रहेको विद्यालय शिक्षा विधेयकमा सरकार तर्कँदै गएको छ । सरकार र नेपाल शिक्षक महासंघबीच भएको सहमति अनुसार १५ असारभित्रै सदनमा लागुपर्ने यो विधेयक सरकार पक्षकै कारण अन्योलतामा गुज्रँदै गएको हो ।

प्रतिपक्षी दलका सांसदहरूले आइतबार नै संसदीय समितिबाट विधेयक अघि बढाउन जोड दिएपनि शिक्षामन्त्री रघुजी पन्तको आग्रहमा ५ दिनका लागि समय थप गरिएको छ । मन्त्री पन्तले आइतबार बसेको समितिको बैठकमा विधेयक पास गराउन भन्दै थप समय माग गरेका थिए । सहमति जुटाउन समितिले सरकारलाई ५ दिनको समय दिएको शिक्षा, विज्ञान तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले जानकारी दिए । ‘५ दिनभित्र सहमति गरेर आउनू । त्यसअघि मलाई बैठक बोलाउन एक दिनको समय चाहिन्छ,’ उनले सरकारलाई भनेका छन् । शिक्षक बढुवाका विषयमा विवाद रहेको उनको भनाइ छ । ‘विधेयक समितिबाट रोकिएको छैन’, थापाले भने, ‘सरकारकै कारण रोकिएको हो ।’

समिति सभापति थापा र समितिका सदस्य सांसदहरू आइतबारकै बैठकबाट विधेयक पास गर्ने योजनामा थिए । यसअघि मन्त्री पन्तले जेठ ७ गते, १० गते, १९ गते, २३ गते, ३१ गते समय माग गरेका थिए । ‘असार ११ गतेबाट १६ गतेसम्म निरन्त बैठक चलाएर सबै विषय फाइनल भएका छन् । फेरि मन्त्री पन्तले १६ गते समय माग्नुभयो । सहमति भयो भनेर बैठक बोलाउन माग भयो । आज आएर फेरि समय मागियो’, सभापति थापाले भने । समितिले थप गरेको समय सीमाअनुसार २८ असारमा शिक्षा विधेयक संसदमा लैजानुपर्ने छ ।

नीजि विद्यालयका सबै मागहरू विधेयकमा समेटिएको बताइएको छ । तर, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, विद्यार्थी र व्यवस्थापनको विषयमा सहमति जुट्न नसकेको समितिका सदस्यहरूले बताएका छन् । शिक्षा समितिको उपसमितिले ४५ दिन लामो छलफलपछि राहत तथा अस्थायी शिक्षक व्यवस्थापन विषयमा ६० प्रतिशत, आन्तरिक प्रतिस्पर्धा र ४० प्रतिशत खुला प्रतिस्पर्धाको प्रस्ताव अघि सारेको थियो । सोही प्रस्तावमा सहमतिमा पुग्न प्रयास भए पनि केही बुँदामा अन्तिम टुंगो नलागेको बताइएको छ । कम्पनी ऐनअनुसार दर्ता गरी चलाएका स्कुलहरू पृष्ठ २ मा

# जोडियो भारत-चीन रणनीतिक सडक

## ७७ वटै जिल्लामा पुग्यो सडक



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २२ असार ।

सडक पहुँचबाट वञ्चित रहेको हुम्लीबासीको सपना साढे २ दशकमा पूरा भएको छ । कर्णाली करिडोर अन्तर्गत खार्पुनाथ गाउँपालिका-५ को च्वाखोला नदीमा बेलिब्रिज निर्माण भएसँगै हुम्ला औपचारिकरुपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ ।

चुवाखोला-कर्णाली नदीमाथि बेलिब्रिज बनेसँगै हुम्ला सदरमुकाम सिमकोटलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने दशकौँदेखिको बहुप्रतीक्षित सपना पूरा भएको छ । हुम्लाको लाइफलाइन मानिएको बेलिब्रिजको उद्घाटन भएसँग हुम्ला सडक सञ्जालबाट जोडिएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार बेलिब्रिजको उद्घाटन गरेका छन् ।

नेपाली सेनाले झन्डै ४ करोड रुपैयाँमा बेलिब्रिज ३५ दिनमा निर्माण गरेको हो ।

हालसम्म राष्ट्रिय सडक सञ्जालमा नजोडिएको हुम्ला मात्रै एउटा जिल्ला थियो । २६ वर्षदेखि सडक निर्माणको काम भइरहे पृष्ठ २ मा

### कर्णालीको भाग्यरेखा

कर्णाली करिडोर कर्णाली प्रदेशको समृद्धिको आधार हो । यो करिडोर भारतको सीमाबाट सुरु भई तिब्बतको सीमासम्म जोडिन्छ । जसले त्रिदेशीय (नेपाल, भारत र चीन) व्यापार र यातायातलाई सहज बनाउने सम्भावना बोकेको छ । हुम्लामा पहिलोपटक गाडी पुग्नु कर्णाली करिडोरको विकासमा एक ऐतिहासिक उपलब्धि हो । नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिइएको ‘नर्थ साउथ ग्रोथ एक्सिस’ कर्णाली करिडोरकोमा गाडी गुड्न थालेपछि अब यसले कर्णालीवासीको जीवन स्तरमा परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । पुलको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रूपमा अघि बढाइने बताए । पृष्ठ २ मा

# पारिवारिक खटपटले सामूहिक हत्या



**मध्यान्ह संवाददाता**
भोजपुर, २२ असार ।

शनिबार मध्यराति जिल्ला प्रहरी कार्यालय भोजपुरमा एक युवकले हडबडिँदै फोन गरे, ‘मैले ४ जनालाई छुराले मारेको छु, मेरो ज्यान खतरामा छ’

प्रहरी कन्ट्रोल १०० मा फोन आए लगत्तै प्रहरी सतर्क भए । आफूमाथि आक्रमण भएको र प्रतिकारमा आफूले पनि हानेको ती युवकले प्रहरीलाई बताए ।

कोशी प्रदेश प्रहरी प्रमुख ईश्वर कार्कीका अनुसार प्रहरी कन्ट्रोलमा फोन आउनासाथ अस्थायी प्रहरी चौकी ओखेबाट तत्कालै प्रहरीको टोली युवकले बताएअनुसारको घटनास्थलतर्फ खटिए । पृष्ठ २ मा

### यसकारण घटना

रामप्रसाद राई गाउँपालिका २ को धोद्लेखानी बोन्थिताङकी किशोरीलाई राईले खुब मन पराउँथे । गत वर्ष उनले किशोरीसँग विवाह गर्न अभिभावकसँग प्रस्ताव गरेका थिए । १६ वर्ष उमेरकी ती किशोरीका परिवारले उनलाई विवाह गर्न मानेका थिएनन् ।

त्यसपछि राईले उनलाई भगाएर लगेका थिए । १ वर्ष अघि मात्रै भागेर भोजपुर नगरपालिका-२ हेलाउँछ बस्ने ३० वर्षीय राईको घर गएकी किशोरीलाई त्यहाँ बस्न सहज थिएन ।

परिवारले हेला गरेको कारण उनी पछि माइती फर्किएकी थिइन् ।

स्थानीयका अनुसार, १४-१५ वर्षकै उमेरमा विवाह गरेर गएकी किशोरीलाई विभिन्न खालको शारीरिक तथा मानसिक यातनाको कारण त्यहाँ बस्न सक्ने अवस्था नभएपछि उनी माइतीको शरणमा आएकी थिइन् । केही समयपछि नै राई उनलाई लिन ससुराली पुगेका थिए ।

‘तर, आमा र परिवारले त्यो विवाहलाई स्वीकारेका थिएनन्, पछिल्लो समय आमाले छोरीलाई लिएर घरमा गएकी थिइन्’, पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## बिनाधितो ऋण कार्यविधिमाथि छलफल

# खाडी जानेलाई दुई र युरोप जानेलाई पाँच लाख ऋण



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकहरूलाई बिनाधितो ऋण उपलब्ध गराउने विषय पुनः चर्चामा आएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिनाधितो ऋणसम्बन्धी कार्यविधि २०८२ अन्तिम चरणमा पुगेको बताएको छ ।

मन्त्रालयले आइतबार त्यस विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायत अन्य सरोकारवालाहरूसँग छलफल गरेको पृष्ठ २ मा

### कांग्रेस बैठकमा पनि ‘जान’को आलोचना



**काठमाडौं/मस-**
हाल सर्वोच्च अदालतमा विचाराधीन जापान जाने कामदारलाई १५ वर्षदेखि ‘लुटेको’ विषय सत्तारूढ दल नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा पनि उठेको पृष्ठ २ मा

# ‘बाँच्न चाहन्छु, तर आलमको त्रास छ’



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २२ असार ।

४२ वर्षीय भारतीय नागरिक गौरीशंकर चमारको अनुहार, छाती, हातपाखुरा देखि शरीरका अधिकांश भाग डढेको छ । दुवैतिरका कान चुँडिएका छन् । सहजरूपमा हेर्न पनि अप्ठ्यारो लाग्ने उनको हुलिया डरलाग्दो छ । तर उनीभित्र रहेको आत्मविश्वासले उनलाई काठमाडौंसम्म डोऱ्याएको छ ।

उनि २०६४ सालको संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटमा भएको बम विस्फोटका घाइते तथा प्रत्यक्षदर्शी हुन् । जुन घटना कांग्रेसका तत्कालिन नेता अफ्ताव आलमले गराएको दाबी गरिएको छ ।

आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी चमारले बम काण्डको बेलिबिस्तार सुनाए । उनी कसरी घटनामा परे, कसरी बाँचे र त्यसपछि के भयो भन्नेबारे पत्रकारहरूका अगाडि सविस्तार बताउँदा उनको दर्दनाक अभिव्यक्तिले सबैको आँखा रसाए ।

उनी भित्र भने एउटा त्रास अझै बाँकी छ । उनि बम काण्डका नाइके आलमले मारिदिन्छ कि भन्ने भयभित छन् । उनले घटनाका नाइके आलमलाई सफाइ दिने उच्च अदालतको फैसला त्रुटीपूर्ण रहेको भन्दै न्यायको लागि अपिल समेत गरेका छन् ।

भारतको बिहार, सीतामढी घर भएका चमारले पृष्ठ २ मा

**कतारमा वैदेशिक रोजगारीको अवसर**

SUBWAY
कम्पनी: SUB WAY | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०३/२२ | चलानी नं.: ६०२४०७२७ | L.T. No.:326756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 5 | 6 | स. काममा दक्ष | 1400 | ५२,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३० गते (14 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DHRN
DANA HUMAN RESOURCE NEPAL PVT.LTD.
श्रम इजाजत नं. १६९२/०८०/०८१
Sinamangal, Kathmandu, Nepal, Tel No: 01-5923344, 9802373747
Email: dananepalpg@gmail.com Web: www.dananepal.com

# देउवाले धेरै हँसिया बनाए, तर घाँस काट्न सकेनन् : डा. भण्डारी



**काठमाडौं/मस-** नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रभावशाली नेता डा. चन्द्र भण्डारीले पार्टी सभापति शेरबहादुर देउवाले संगठनमा धेरै पद बाँडफाँट गरे पनि त्यसको ठोस परिणाम नआएको टिप्पणी गरेका छन् ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समितिको बैठकमा बोल्दै उनले भने, 'शेरबहादुरजीले धेरै हँसिया बनाउनुभयो, तर घाँस काट्न सक्नु भएन ।'

उनले सभापति देउवाले पार्टीभित्र थुप्रै पदाधिकारी, सदस्य र प्रतिनिधि बनाए पनि उनीहरूले पार्टीमा प्रभावकारी काम गर्न नसकेको बताए ।

नेता भण्डारीले पार्टी प्रशिक्षण कार्यक्रम सुधार गर्नुपर्नेमा जोड दिँदै विषयवस्तु र प्रशिक्षक पात्र परिवर्तनको आवश्यकता औंल्याए । पार्टीको भातृ संगठनमा निर्वाचन नभइ मनोनयन प्रणालीले कार्यक्षमता खस्किएको भन्दै उनले भने, 'समिति आफूले बनाउने, चलाउन अर्कालाई दिने गर्दा काम लाग्दैन ।'

पार्टीभित्रको आपसी द्वन्द्वका बेला रमिता हेर्ने प्रवृत्ति त्यागी मिलाउने प्रयासमा लाग्नुपर्ने उनको भनाइ थियो ।

सीमान्तकृत वर्गले सेयर पाउने गरी ल्याइएको जलस्रोत नीतिलाई पार्टीले आत्मसात् गर्नुपर्ने सुझाव दिँदै उनले उक्त नीतिबाट गरिबी निवारणमा टेवा पुग्ने विश्वास व्यक्त गरे । भण्डारीले आगामी निर्वाचनमा असर नपर्ने गरी पार्टी महाधिवेशन गर्नुपर्नेमा पनि जोड दिए । उनले भने, 'सामाजिक सञ्जालमा उठेका जनचासोका विषयलाई नजिकबाट नियाल्न र सरकारका कामको निर्मम समीक्षा गरेर सुधारतर्फ लाग्नुपर्छ ।'

भण्डारीले राष्ट्रपति वा उपराष्ट्रपतिसम्म भइसकेका नेताले पार्टीको 'रसिद काटेर' फर्कदा जनतामा राजनीतिप्रति वितृष्णा बढ्ने भन्दै चिन्ता व्यक्त गरे । उनले विद्यालय शिक्षा विधेयक, विदेश पलायन भइरहेको युवाशक्ति, कृषकलाई मल बीउको अभाव, साथै रुपन्देही र मनाङमा हुने उपनिर्वाचन लगायतका विषयमा पनि उनले पार्टीले स्पष्ट धारणा लिनुपर्ने बताए ।

निजामती सेवा विधेयक पारित गर्ने क्रममा देखिएको कमजोरीलाई व्यक्तिगत होइन, सामूहिक जिम्मेवारीको रूपमा लिनुपर्नेमा उनले जोड दिए ।

# नेपाल–दक्षिण कोरिया सांस्कृतिक तथा पर्यटन प्रदर्शनी नोभेम्बरमा



**काठमाडौं/मस-** एएमएस म्युजिक एण्ड इन्टरटेनमेन्ट प्रालिको आयोजनामा दक्षिण कोरियाको राजधानी सोलमा नेपाल-कोरिया सांस्कृतिक, पर्यटन तथा शैक्षिक प्रदर्शनी आयोजना हुने भएको छ ।

काठमाडौंमा आइतबार आयोजित पत्रकार सम्मेलनमा कम्पनीकी अध्यक्ष सत्यकला तामाङ लामाले यसै वर्षको नोभेम्बरमा सोलमा प्रदर्शनी आयोजना गर्न लागिएको जानकारी दिइन् ।

'नेपाल र दक्षिण कोरियाबीच सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन, नेपाली खाना तथा सामग्री प्रदर्शनीका साथै शैक्षिक तथा श्रमबारे बहस गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिन लागिएको हो', अध्यक्ष लामाले भनिन्, 'यसले दुई देशबीचको सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा छ ।'

वर्ल्ड पिस युनियन र सर्भिस ओरियन्टेट इन्टरएक्टिभ भिडियो एप्लिकेसनको सहकार्यमा आयोजना हुने कार्यक्रममा नेपाली राष्ट्रिय कलाकारहरूको विशेष प्रस्तुति रहने छ ।

कम्पनीका प्रवन्ध निर्देशक फूर्वा ग्याल्बो मोक्तान (थुप्तेन)ले कार्यक्रमले दुई देशबीचको सम्बन्ध विस्तारका साथै नेपालमा पर्यटक बढाउन थप सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'दक्षिण कोरिया र नेपालबीच लामो समयदेखि कूटनीतिक सम्बन्ध छ, यस कार्यक्रमले दक्षिण कोरियामा नेपालको पर्यटन तथा संस्कृति प्रवर्द्धन हुनुका साथै दुई देशबीचको सम्बन्ध थप बलियो हुनेछ', उनले भने ।

प्रदर्शनीमा नेपालमा उत्पादन भएका सामानहरू राखिनेछ भने दुई देशका व्यवसायीहरूबीच व्यावसायिक साझेदारीको अवसर पनि सृजना गरिनेछ ।

पत्रकार सम्मेलनमै कार्यक्रमका लागि वर्ल्ड पिस युनियन अर्गनाइजेसन, वर्ल्ड पिस एम्ब्यासडरका नेपाल गुडविल एम्ब्यासडर योसेफ काङ र आयोजक कम्पनीका अध्यक्ष लामाबीच सम्झौतासमेत भएको छ ।

वर्ल्ड पिस एम्ब्यासडरका नेपाल गुडविल एम्ब्यास्डर योसेफ काङले आफू यहाँ विश्व शान्तिका लागि आएको उल्लेख गर्दै आगामी नोभेम्बरमा हुने यस कार्यक्रमले दुई देशबीचको सम्बन्ध विकासमा सहयोग गर्ने बताए । 'यस्तो कार्यक्रम दुई देशबीचको सम्बन्ध विस्तारमा सेतु बन्ने विश्वास छ । हामीले विभिन्न देशमा यसप्रकारका कार्यक्रम गर्दै आएका छौं', उनले बताए । कोरियामा नेपाली खाना, संस्कृति र पर्यटन तथा व्यापार विस्तारमा कार्यक्रम माध्यम बन्ने उनले विश्वास व्यक्त गरे ।

त्यसअवसरमा दक्षिण कोरियास्थित चुङवुन विश्वविद्यालय र सोल जाङसिङ विश्वविद्यालयका प्राध्यापक सोङसुक चोले दक्षिण कोरियामा उच्च शिक्षा लिन चाहने नेपाली विद्यार्थीका लागि राम्रो गन्तव्य भएको बताए । प्रदर्शनीमा नेपाल र कोरियाका कलाकारबीच सांगीतिक आदानप्रदान, सांस्कृतिक प्रदर्शनी, परम्परागत खाना र पहिरनको शोकेसिङ, समूहगत छलफल तथा युनेस्को सम्पदास्थलहरूको प्रवर्द्धनलगायतका गतिविधि समावेश गरिनेछ । कम्पनीले यसअघि जापान, दुबई र चीनमा यसप्रकारका कार्यक्रम आयोजना गरिसकेको छ ।

# लागुऔषधसहित २ जना पक्राउ

**घुरन यादव/मध्यान्ह**
सप्तरी, २२ असार



सप्तरी बिहुल गाउँपालिका अन्तर्गत डिधिया क्षेत्रबाट प्रहरीले लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा उदयपुर त्रियुगा नगरपालिका १३ का रञ्जन निरौला र वडा नं. ११ का लक्ष्मण साहनी रहेका छन् ।

चन्ही प्रहरी चौकीबाट असइ हरेन्द्र यादवको कमान्डमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट बुप्रेनोर्फिन ८६ थान, फेनार्गन ८६ थान र डाइजेपाम (डानोला) ८८ थान बरामद गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका निरौला र साहनीको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**शिक्षा...**

बन्द गरेर राज्यले नै सिन्डिकेट गर्न नहुने कतिपय नेताहरूको तर्क छ । भर्खन समितिमा सदस्य भएका नेपाली कांग्रेसका सांसद श्याम घिमिरेले निजी विद्यालयलाई मापदण्ड बनाएर चल्ने व्यवस्था गर्नुपर्ने अघिल्लो बैठकमा माग गरेका थिए । उनको मागअनुसार नीजि विद्यालयलाई खुकुलो नीति अवलम्बन गर्नु थियो । कसैको निजी सम्पत्ति राज्यले लिनुपर्दा उचित मुअब्जा दिनुपर्ने संवैधानिक व्यवस्था भएपनि हाम्रो हैसियत त्यसरी मुआब्जा दिन सक्ने नरहेको उनको भनाई छ । 'एक तिहाई विद्यार्थी निजी क्षेत्रले निःशुल्क भार बोकिदिएको छ। अहिले हामीलाई भइरहेका शिक्षकको खर्च धान्न भार परिरहेको छ', उनले भनेका छन् ।

यसअघि असार १६ गते पनि शिक्षामन्त्रीकै आग्रहमा समितिको बैठक स्थगित गरिएको थियो । फेरि शिक्षक महासंघसँग वार्ता जारी रहेको भन्दै मन्त्री पन्तले समय माग गरेका समितिका सदस्यहरू बताउँछन् । विद्यालय शिक्षा विधेयकका केही विषयमा सहमति जुट्न नसक्दा अन्तिम समयमा समितिबाट पास हुन सकेको छैन ।

कांग्रेसका प्रमुख सचेतकसमेत रहेका शिक्षा, विज्ञान तथा प्रविधि समितिका सदस्य घिमिरेले समितिभित्र सहमति जुटाउनका लागि समय थप गरिएको बताए । 'केही विषयहरूमा सहमति हुन बाँकी छ', उनले भने 'ऐन बनाउने विषय बहुमत र अल्पमतबाट पारित गर्ने भन्दा पनि सर्वसम्मतरूपमा अघि बढाउनु पर्ने दायित्व भएकाले समितिमा सम्बद्ध सबै दलका सदस्यहरूको साझा बुझाई र सहमतिकै आधारमा निर्णय गर्ने गरी अघि बढेका छौं ।' समितिले दिएको ५ दिनको समयमा सहमति जुटाउने प्रयास गर्ने र नभए केही समय अझै थपेर पनि अघि बढ्ने घिमिरेको भनाइ छ ।

सरकारले गत १७ वैशाखमा नेपाल शिक्षक महासंघका नेताहरूसँग १५ असारभित्र शिक्षा विधेयक पारित गर्ने प्रतिबद्धता जनाएको थियो । त्यसपछि २९ दिन देखिको आन्दोलन स्थगित गर्दै शिक्षकहरू विद्यालय फर्किएका थिए । त्यसपछि शिक्षक महासंघले १५ असार भित्र विधेयक पारित गर्न राजनीतिक दलका नेता, प्रमुख सचेतकहरू र मन्त्री पन्तलाई झक्झक्याउँदै आएको छ । यद्यपि विधेयक समितिबाट पारित हुने विषय अझै अन्योलमा परेको सांसदहरूले बताएका छन् ।

नेकपा (माओवादी केन्द्र)की सांसद ज्ञानु सुवेदी बस्नेतले शिक्षा समितिको बैठक रोकेर समय मागिनुमा अरु नै धन्दा र षड्यन्त्र भइरहेको आरोप लगाएकी छन् । उनले भनिन्, 'समितिको बैठक कहिले स्थगित र समय थपको माग हुनुको कारण बुझ्न सकिएन । यो बैठक रोकेर अरु नै धन्दा र षड्यन्त्र भइरहेको छ भन्ने अनुभूति भइरहेको छ ।' ५ दिनसम्म बसेर ६०/४० प्रतिशत मिलिसकेको अवस्थामा फेरि समय मागिनु राम्रो संकेत नभएको उनको टिप्पणी छ । आफूहरूले शिक्षक महासंघको कुरा गम्भीर रूपमा लिएको सुवेदीले बताइन् । सरकार, संसदीय समिति र शिक्षक महासंघबीच लामो रस्सा कसीबीच सहमति भएको शिक्षा विधेयक फेरि गिजोलि सक्ने सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । पूर्वशिक्षामन्त्री विद्या भट्टराईले शिक्षक बढुवामा हुने आपारदर्शी देखिएको बताइन् । पहुँचवाला शिक्षकहरूले मात्रै बढुवाको लाभ लिइरहेको बताउँदै भट्टराईले पहुँच नहुनेहरू पिल्सिनु परेको जिकिर गरिन । 'जसको शक्तिशालीसँग पहुँच हुन्छ, उसले मात्रै सुविधा पाइरहेका छन्, सबैको लागि न्याय हुने कानुन बनाऔं', उनले भनिन् 'विद्यार्थी लक्षित गुणस्तरीय शिक्षा दिन सरोकारवाला जवाफदेही हुनुपर्छ ।' कतिपय सरोकारवालाहरूकै कुरा नमिल्दा शिक्षा ऐन आउने नआउने अझै अन्योल रहेको बताइन् । 'हामीले भनेको जस्ताको तस्तै हुनुपर्छ भन्ने कुराले ऐन पाउँछ कि पाउँदैन भन्ने प्रश्न उब्जिएको छ,' उनले भनिन् ।

**जोडियो...**

पनि औपचारिक रूपमा राष्ट्रिय सडक सदरमुकाम सिमकोटमा जोडिएको थिएन । बाँकेको जमुनियाबाट हिल्सासम्म यो सडकको दूरी ५१० किलोमिटर छ । यसले कर्णालीलाई उत्तर र दक्षिण अन्तरदेशीय सडक सञ्जालमा जोडेको छ । यो सडकले चीन र भारतसँग वैदेशिक व्यापारलाई पनि सहयोग पुग्ने विश्वास छ ।

**भारत र चीनसँग जोडियो**

खार्पुमा पुल बनेसँगै भारतीय सहर रूपेडिहाबाट चीनको सीमास्थित हिल्सासम्म एउटै गाडीमा यात्रा गर्न सकिने छ । कर्णाली करिडोर दक्षिण खण्डका आयोजना प्रमुख इन्जिनियर तुलाराम शर्माका अनुसार अब भारतको रूपेडियाबाट कर्णाली करिडोर हुँदै चीनको सिमाना हिल्सासम्म एउटै गाडीमा सहज यात्रा गर्न सकिन्छ । जसबाट कैलाश मानसरोवर जाने भारतीय तीर्थयात्रुका साथै अन्य यात्रुलाई समेत राहत हुने शर्माको भनाइ छ ।

भारतीय सहर रूपेडियाबाट चीनको सीमा हिल्सासम्मको दूरी करिब ५ सय १८ किलोमिटर छ । कालीकोटको खुलालुबाट सुरु हुने कर्णाली करिडोरले बाजुरा र हुम्लालाई समेत जोडेको छ । जुन खण्ड २ सय ७१ किलोमिटर छ ।

राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोर २०५६ सालमा शिलान्यास भएको थियो । दक्षिणको नेपालगञ्ज-जमुनाहा नाकादेखि उत्तरी हुम्लाको चीन-नेपाल हिल्सा नाका जोड्ने यो करिडोर ५१० किलोमिटर लामो छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट हुम्ला सदरमुकाम सिमकोट हुँदै उत्तरी नाका हिल्सा जोड्ने लक्ष्यका साथ कर्णाली करिडोर शिलान्यास भएको थियो । कर्णाली प्रदेशको राजधानीदेखि हिल्सा नाका पुग्न यो सडकको निर्माणको जिम्मा २०६६ सालसम्म सडक विभाग आफैंले लिएको थियो । नेपाली सेनाले बनाएको बाहेक हिल्सा-मकोट खण्डको १४५ किलोमिटर ट्र्याक खोल्न र ४ वटा पुल निर्माण गर्न आर्थिक वर्ष २०६९/७० देखि आर्थिक वर्ष २०७९/८० सम्मको लागत ४ अर्ब १० करोड रहेको थियो । हालसम्म कूल १४५ किलोमिटरमध्ये १३० किलोमिटर ट्र्याक खुलेको छ ।

कर्णाली करिडोरका लागि केन्द्र सरकारले ३ अर्ब २३ करोड २३ लाख २३ हजार ७१२ रुपैयाँ बजेट दिएको छ । सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको कर्णाली कोरिडोरको ट्र्याक खोल्ने कामको जिम्मा पाएपछि नेपाली सेनाले ७ वर्षमा १२३ किलोमिटर सडक निर्माण गरेको छ ।

२०५४ सालमा हुम्लामा खाद्यान्न अभावको स्थायी समाधानका लागि तत्कालीन जिल्ला विकास समितिले चीनसँग सडक जोड्ने योजना बनाएको थियो । २०५७ सालमा जिविसको आन्तरिक स्रोतको प्रयोग गरी सिमकोट-हिल्सा सडक खन्न सुरु गरियो । त्यसपछि कालीकोटदेखि बाजुरा-हुम्ला खण्डमा विभिन्न समयमा करोडौं बजेट खर्च गरियो । तर, सडक निर्माणको गति भने सुस्त भयो ।

**कर्णालीको...**

'कर्णाली करिडोर कर्णाली र हुम्लावासीको मात्र नभई दुई छिमेकी देशसँगको व्यापारिक मार्ग भएकाले यसलाई तत्काल दुई लेनको बनाइनुका साथै कालोपत्र गर्दै लगिने छ', प्रधानमन्त्री ओलीले भने । प्रधानमन्त्री ओलीले छिमेकी मुलुक चीनसँग जोडिएको हिल्सा नाकामा क्वारेन्टाइन निर्माण गरिने प्रतिवद्धता जनाए ।

**पारिवारिक...**

यो घटना हो भोजपुरको रामप्रसाद राई गाउँपालिका-२ धोदलेखानीको, जहाँ राईले सासु, ससुरा, श्रीमती र सालोको धारिलो हतियार प्रहार गरी हत्या गरे ।

जिल्ला प्रहरी कार्यालय भोजपुरका इन्सपेक्टर दीपक श्रेष्ठका अनुसार राई आफैंले शनिबार राति सवा १ बजे प्रहरी कन्ट्रोल रुममा फोन गरेर 'ममाथि चक्कु प्रहार भएकाले मैले मान्छे मारें, मलाई पक्राउ गर्न आउनुस्' भनेर फोन गरेका थिए । त्यसपछि तत्काल अस्थायी प्रहरी चौकी ओखेबाट प्रहरी सहायक निरीक्षक अशोक कुमार खवास र जिल्ला प्रहरी कार्यालय भोजपुरबाट हवल्दार नेतृत्वको टोली परिचालित भएको थियो ।

घटनास्थल रामप्रसाद राई गाउँपालिका-२ धोदलेखानीमा प्रहरी पुग्दा राजेन्द्र राईका ससुरा ६८ वर्षीय बेलबहादुर गिरी, सासु मन्जु गिरी र उनका १६ वर्षीया श्रीमती मनिषा गिरी र ९ वर्षीय साला सपन गिरीको छुरा प्रहार गरी हत्या भएको थियो । 'हत्या गर्ने' राजेन्द्र राईलाई प्रहरीले रामप्रसाद राई गाउँपालिका-१ हर्बुभञ्ज्याङ भन्ने ठाउँमा घाइते अवस्थामा नियन्त्रणमा लियो ।

तर, राईले फोन गरेर घटनाबारे बताएको ठाउँमा भेटिएका थिएनन् । अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार प्रहरीले झण्डै आधा घन्टासम्म उनको खोजी गर्नु परेको थियो ।

चार जनाको हत्या भएको ठाउँ र राजेन्द्र राई घाइते अवस्थामा फेला परेको ठाउँ करिब ४-५ किलोमिटर दुरीमा पर्दछ । आफ्ले नै हत्या गरेको भनेका राजेन्द्र राईको पेटमा धारिलो हतियारको चोट छ । उनले शनिबार राति करिब ११ बजे सासु आमाले चक्कुले हानेपछि आफूले चार जनाको हत्या गरेको बयान दिएका छन् । 'उनी बिस्तारै-बिस्तारै बोल्न सक्छन्, आफूले हत्या गरेको भनेका छन् । घटनाबारे अनुसन्धान भइरहेको छ,' इन्सपेक्टर दीपक श्रेष्ठले बताए ।

वडा नं. २ का वडाध्यक्ष राजकुमार तामाङका अनुसार सदरमुकामबाट यो स्थानमा पुग्न कम्तीमा ५/६ घन्टा लाग्छ । नजिकैको प्रहरी युनिटबाट टोली पठाउँदा पनि कम्तीमा २ घन्टा लाग्ने स्थिति थियो । बाँसको छाप्रोले बनेको घरभित्र खाटमा एकैठाउँ ६८ वर्षीय बेलबहादुर गिरी, सासू मन्जु गिरी, उनीहरूका १६ वर्षीया छोरी र १० वर्षीय छोराको शव फेला पर्‍यो ।

राईलाई थप उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएको छ । प्रहरीका अनुसार, प्रारम्भिक सोधपुछमा उनले आफूमाथि परिवारका सबैले आक्रमण गरेपछि प्रतिकार गरेको दाबी गरेका छन् । त्यही कारण प्रहरीलाई फोन गरेको समेत उनको दाबी छ ।

**पारिवारिक खटपट**

राईले करिब एक वर्ष अघि प्रेम विवाह गरेका थिए । ३० वर्षीय राई भोजपुर सदरमुकाममा पेन्टरको काम गर्दै आएका थिए । त्यही बेला गिरीकी १६ वर्षीया छोरीसँग उनको प्रेम सम्बन्ध जोडिएको थियो ।

**यसकारण...**

अनुसन्धानमा संलग्न अधिकृत भन्छन् ।

त्यसपछि चार/पाँच दिन अगाडि राजेन्द्र श्रीमती लिन भन्दै गिरीको घरमा पुगेका थिए । 'तर उनलाई परिवारले छोरी दिएनन्, त्यही विषयमा शनिबार राति झगडा भएको हुन सक्छ' ती अधिकृतले भने, 'त्यसपछि सबैले मिलेर आक्रमण गरे भन्ने उसको दाबी छ ।'

किशोरी आफूसँग जान नमानेको र अभिभावकले पनि किशोरीलाई नै साथ दिएको आवेगमा उनले ससुरा, सासू, श्रीमती र सालोलाई धारिलो हतियारले निर्ममतापूर्वक हत्या गरेका प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

यो घटना सामान्य पारिवारिक विवादजस्तो देखिए पनि यसको जरा सानै उमेरमै भएको विवाहसँग जोडिएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

तर, घरका सबै सदस्यहरूको मृत्यु भइसकेकाले यो विषय अब पुष्टि हुन कठिन देखिन्छ । 'राति आमाले छोरी लैजान नदिने लगभग निश्चित भएपछि विवाद भएको देखिन्छ' उनले थपे, 'राति ९, १० बजेतिरै विवाद सुरु भएको देखिन्छ भने ११, १२ तिर हत्या भइसकेको हुनसक्ने प्रारम्भिक अनुमान छ ।'

प्रहरीले अहिले यो घटनालाई विभिन्न पक्षबाट अनुसन्धान गरिरहेको छ । मृतक परिवार र राईसँग नजिक रहेका मानिसहरूसँग समेत सोधपुछ गरिरहेको छ । राई स्वयंले चाहिं हत्या स्वीकार गर्दै आफूले निको भएपछि सबै बताउने दाबी गरेको प्रहरी बताउँछन् ।

यसअघि ७ जेठ २०७६ मा पाँचथरको मिक्लाजुङ गाउँपालिका-३, आरुबोटेमा दुई परिवारका ९ जनाको हत्या भएको थियो । त्यसबेला हत्यामा संलग्न व्यक्ति २५ किलोमिटर पर रूखमा झुण्डिरहेको अवस्थामा फेला परेका थिए ।

अनुसन्धान अधिकृतहरुका अनुसार, अधिकांश सामूहिक हत्याका घटनामा आरोपीले पछि आत्महत्या गर्ने गरेको देखिन्छ । 'परिवार नै बितेपछि आफू बँच्दिन भन्ने मानसिकता पनि हुनसक्छ, भोजपुर घटनामा पनि प्रहरी ढिलो पुगेको भए जे पनि हुनसक्थ्यो', एक अधिकृत भन्छन् । यसबीच सामूहिक हत्या गरिएका चार जनाको शव परीक्षणका लागि जिल्ला अस्पताल पुऱ्याइएको छ ।

प्रहरीले घटनास्थलको मुचुल्का तयार गरेपछि उनीहरुको शव परीक्षण गर्न जिल्ला अस्पताल लगिएको हो ।

धोद्लेखानी बोन्थिताङका गाउँलेले यसअघि कहिल्यै यस्तो बीभत्स घटना देखेका थिएनन् । राति गाउँमा के भयो कसैले पत्तो समेत पाएनन् । बिहान भाले नबास्दै प्रहरी गाउँमा पुगेपछि मात्रै घटनाको बारेमा जानकारी पाएको स्थानीय बताउँछन् ।

**खाडी...**

छ । छलफलको अध्यक्षता गरेका श्रममन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारमा जाने विपन्न श्रमिकहरूले सहज र सरल तरिकाबाट ऋण पाएको अवस्थामा मिटरब्याजीको पासोबाट बचाउन सकिने बताए । उनले भने, 'मैले भन्दै आएको थ्री डी- डेब्ट, डेथ र डिजिटल ट्र्यापमध्ये यसले डेब्ट ट्र्यापलाई सम्बोधन गर्छ । यसबाट श्रमिकहरू विदेश गएर कमाएपछि फर्किंदासम्म ऋण पनि मुक्त हुने र राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा, बीमा जस्ता अन्य सुविधाहरू पनि पाउने छन् ।'

श्रममन्त्री भण्डारीले कार्यविधि लागू भएमा नेपाल सरकारको बिनाधितो ऋण उपलब्ध गराउने नीतिअनुसार नै वैदेशिक रोजगारमा जानेले सहजै ऋण पाउने बताए । सामाजिक सुरक्षा कोषमा आबद्ध भएका बैंकहरूलाई प्राथमिकतामा राखेर काम गर्ने भन्दै मन्त्री भण्डारीले बैंकहरूको पैसा नडुबोस् र सहज ऋण पाइ विदेश जानेहरू मिटरब्याजीबाट जोगिउन् भन्ने मुख्य उद्देश्य रहेको बताए ।

उक्त कार्यविधिअन्तर्गत खाडी मुलुक जानेहरूलाई कम्तीमा दुई लाख र युरोप जानेहरूलाई पाँच लाख रुपैयाँ उपलब्ध गराउन सकिने प्रावधान समेट्न खोजिएको बताइएको छ ।

छलफलमा नेपाल राष्ट्र बैंकका प्रतिनिधि शौरभ पोखरेलले आफनो तर्फबाट सहजीकरणका लागि पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल बैंकर्स संघका प्रतिनिधि अनिल शर्माले मन्त्री भण्डारीको नेतृत्वमा श्रम मन्त्रालयले राम्रो कन्सेप्ट ल्याएको भन्दै यसलाई लागू गर्न बैंकहरूले पूर्ण सहयोग गर्ने बताए ।

श्रम सचिव डा. कृष्णहरि पुष्करले विगत लामो समयदेखि यो कार्यविधि अड्किएर बसेको भन्दै यसलाई गति दिएर लागू गर्ने बताए । उनले विगतको अनुभवबाट पनि पाठ सिक्दै सहज र सरल तरिकाबाट ऋण उपलब्ध गराए वैदेशिक रोजगारमा गएकाहरूले सहजै ऋण चुक्ता गर्ने बाटो अवलम्बन गर्ने भनाइ राखे ।

आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा करिब १२.५ प्रतिशतले कर्जा प्रवाह गर्ने लक्ष्यसहित वैदेशिक रोजगारीका लागि बिनाधितोको ऋण दिने व्यवस्था पनि महत्वका साथ समेटिएको थियो । तर आर्थिक वर्ष सकिन लाग्दा पनि मौद्रिक नीतिले महत्व दिएको वैदेशिक रोजगारमा जानेलाई ऋण दिने सरकारी नीति कार्यान्वयनमा आउन सकेको छैन ।

वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने राष्ट्र बैंकले बताएको थियो । सरकारी वा निजी कुन बैंकबाट त्यस्तो ऋण लगानी हुने ? भन्नेबारे उल्लेख नभए पनि उक्त नीति कार्यान्वयन गर्न सबै वाणिज्य बैंकहरू बाध्यकारी भएको नेपाल राष्ट्र बैंकको दृष्टिकोण छ ।

सरकारले २०८१/८२ को बजेट वक्तव्यमा पनि वैदेशिक रोजगारीमा जानका लागि बिनाधितो ऋण दिने व्यवस्था ल्याएको थियो । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई सस्तो दरमा कर्जा प्राप्त हुने र औपचारिक रेमिट्यान्स आइ हाल मुलुकले प्राप्त गरिरहेको रेमिट्यान्स थप बढ्न जाने राष्ट्र बैंकको अपेक्षा पनि धेरै अगाडिदेखिको हो । हुण्डी रोक्न बिनाधितो ऋणको प्रभावकारिता हुन्छ कि भन्ने सरकारी अपेक्षा छ ।

गत वर्ष ७ लाख ४१ हजार २ सय ९७ जना युवायुवती वैदेशिक रोजगारीमा गएका छन् । यस वर्ष ८ लाख नाघ्ने अनुमान छ । उनीहरूमध्ये एक जनाले कम्तीमा १ लाख ५० हजारसम्म ऋण प्राप्त गरे भने वैदेशिक रोजगारका क्षेत्रमा मात्रै १ खर्ब २० अर्ब रुपैयाँ कर्जा प्रवाह हुने छ । त्यसले हाल देखिएको अधिक तरलतालाई व्यवस्थापन गर्न सहयोग गर्ने सरकारी अपेक्षा छ ।

बिनाधितो ऋण पाउन वैदेशिक रोजगारदाता कम्पनीसँग कामदारले गरेको तलब सम्झौता करारको प्रति पेस गर्नुपर्नेछ । सम्झौताको प्रति पेस भएपछि बैंकले कामदारले पाउने मासिक तलब उक्त खातामा पठाउन आग्रह गरी पठाएको पत्रमा रोजगारदाताले मन्जुरी जनाएपछि बैंकले ऋण दिन सक्ने बताइएको छ । बैंकले सोही खाताबाट आफ्नो साँवा र ब्याज कटाउन पाउने छ । यी सबै प्रक्रिया मिलाउन म्यानपावर कम्पनीको भूमिका महत्वपूर्ण मानिएको छ । यसअघि निवर्तमान अर्थमन्त्री वर्षमान पुन र त्यसअघि पूर्वअर्थमन्त्री रामशरण महतले पनि बजेटमा वैदेशिक रोजगारमा जाने युवायुवतीलाई बिनाधितो ऋणको व्यवस्था गरिने सार्वजनिक गरेका थिए ।

तर ऋण पाउनेहरूको विवरण भने अन्यन्तै थोरै रहेको छ । कार्यान्वयनमा फितलो भएपनि वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋण दिने सरकारी नीतिले वैदेशिक रोजगार व्यवसायीहरूले भने झैं शून्य लागत अर्थात् फ्रि भिसा फ्रि टिकटको निर्णय अव्यहारिक भइ सरकारले गरेको निर्णयको नैतिक पराजय भएको कतिपयको टिप्पणी छ ।

**कांग्रेस...**

छ । बैठकमा जापान जाने कामदारमाथि १५ वर्षदेखि शोषण भएको भन्दै सरकारको ध्यानाकर्षण गराइएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं वैदेशिक रोजगार विभाग प्रमुख प्रकाश स्नेहीले पार्टीको केन्द्रीय समिति बैठकमा जापान जाने प्रशिक्षार्थी कामदारहरू १५ वर्षदेखि लुटिएको भन्दै पार्टी नेतृत्व र सरकारको ध्यानाकर्षण गराएका हुन् ।

केन्द्रीय सदस्य स्नेहीले वैदेशिक रोजगार विभागले जापान जाइका अल्मुनाई एसोसिएसन 'जान' नाम गरेको एउटा एनजीओले १५ वर्षदेखि करोडौं लुट्नुका साथै हजारौं युवाहरूलाई कानुन विपरीत जापान जानबाट रोकेको बताएका छन् । स्नेहीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत अन्य दलका नेताहरूको संलग्नतामा नेपाली श्रमिकहरू लुटिँदा कानुनी निकाय मुकदर्शक भएर बसेको दाबी गरे । जापानको कानुनले सिओई र भिसासमेत पाइसकेको कामदारलाई पुनः भाषा परीक्षा भन्दै जापान जानबाट रोक्ने र गएकाहरूबाट पनि मोटो रकम असुल्ने गरेको स्नेहीले सुनाए ।

'जान' भनिने जाइका अल्मुनाई एसोसिएसनले १५ वर्षदेखि कानुन विपरीत श्रमिकबाट रकम असुलेर सिन्डिकेट कायम गरिरहेको तथा भिसा र सिओई पाइसकेका कामदारलाई परीक्षामा पास र फेलको बार्गेनिङ गरी करोडौंको लुट मच्चाइरहेको वैदेशिक रोजगार व्यवसायीहरूको आरोप छ ।

**बाँच्न...**

आलमको ईंटाभट्टामा काम गर्दा घटनाको साक्षी बन्न पुगेका हुन् । घटना २०६४ चैत २७ को हो । बेलुकी करिब साढे ६ बजे रौतहटको राजपुर फरहदवास्थित कांग्रेसका तत्कालीन नेता शेख इद्रिशको गाईवस्तु बाँध्ने गोठघर अगाडि आइपुग्दा धेरै मानिसहरू थिए । सो गोठघरभित्र १५-१६ जना मानिस बसेर कुरा गर्दै थिए । गोठघरको ढोका खुला थियो ।

त्यहिबेला अचानक बम विष्फोट भएको ठूलो आवाज आयो । उनकै शब्दमा धमाका भयो । बमका टुक्रा, छर्राहरूले उनका दुवै कान, घाँटी, छाती समेतमा गम्भीर घाउचोट बनाए । रगत बग्न थाल्यो । विष्फोटनमा २-३ जना मानिसको मृत्यु नै भयो । अरू धेरै जना घाइते भए ।

पत्रकार सम्मेलनमा आफ्नो शरीरमा लागेको बमको चोट र पोलेको घाउ देखाउँदै उनले घटनाको विवरण सुनाउँदै उनले भने, 'हप्ताको पैसा लिन मलाई बोलाइएको थियो । घरको ढोकाको छेउमा पुग्नासाथ बम पड्कियो । मेरो शरीरमा आगो लाग्यो,' उनले भने, 'आगो लागेपछि म चिच्याउँदै भागेँ । घरको पछाडि पानी थियो, त्यहाँ पानीमा खसेपछि आगो निभ्यो र म फेरि ज्यान जोगाउन गहुँको खेततिर भागेँ। त्यहीँ म बेहोस भएँ ।'

उनले होस आउँदा भारतको सीतामढीमा ठेलामा रहेको पाएको बताए । चमारले घटनापछि आफ्नो शारीरिक अवस्था कमजोर भएको र काम पाउनसमेत कठिनाइ भएको गुनासो गरे ।

तीन महिनासम्म अस्पतालको कष्टकर बसाइ र उपचारमा साढे ३ लाख भारतीय रुपैयाँ खर्च भएको उनले सुनाए । 'उपचारका लागि सरकारले घर बनाउन दिएको इँटासमेत बेच्नुपऱ्यो,' उनले भावुक हुँदै भने, 'तर आजसम्म अफताब आलम वा उसको कुनै मान्छेले मलाई के छ भनेर सोधेन, एक रुपैयाँ दिएन ।'

शरीरभरि पोलेको घाउका कारण उनी घाममा काम गर्न सक्दैनन् । काम पाए पनि शारीरिक कमजोरीका कारण केही दिनमै निकालिन्छन् । 'म त एउटा तमासाजस्तो भएँ । जहाँ जान्छु, मान्छेहरू फोटो खिच्न थाल्छन्,' उनले आफ्नो वर्तमान अवस्थाबारे दुखेसो पोखे ।

प्रहरीमा बयान दिएपछि आलमका मान्छेहरूले आफ्नो घरमा गएर आमालाई धम्की दिएको पनि उनले खुलासा गरे । ' उनीहरूले मेरी आमालाई भनेछन्, 'तेरो छोरो अब गयो, दुई-चार वर्षपछि बाँच्दैन ।'

आलमलाई सफाइ दिने अदालतको फैसलाविरुद्ध लड्न उनी काठमाडौं आएका हुन् । 'म सरकारसँग न्याय माग्न चाहन्छु । यस्तो अपराधीलाई छोड्नु हुँदैन, उसलाई कडाभन्दा कडा सजाय हुनुपर्छ,' उनले सरकार र न्याय प्रणालीलाई गुहारे ।

आफ्नो जीवन तहसनहस बनाउने अपराधी खुला घुम्दा आफ्नो ज्यान जुनसुकै बेला जान सक्ने डरले उनलाई सताइरहेको छ ।

निर्वाचन प्रभावित पार्न बनाउँदै गरेको बम विस्फोट हुँदा घाइते भएकाहरूलाई घटनाको प्रमाण नष्ट गर्न जिउँदै नजिकैको इँटाभट्टामा पोलेर मारेको आलममाथि आरोप लागेको थियो ।

लामो समयसम्म अनुसन्धान हुन नसकेको यो घटनामा प्रहरीले प्रमाण जुटाएर अभियोजन गरेपछि जिल्ला अदालतले आलमलाई दोषी ठहर गरेको थियो । तर, हालै उच्च अदालत वीरगञ्जले जिल्ला अदालतको फैसला उल्ट्याउँदै आलमलाई सफाइ दिएको छ । तर, अदालतले गौरीशंकरको यो कुरा पत्याएन । प्रमाणका रूपमा पनि लिएन । बरू उनले अविश्वसनीय र कृत्रिम बयान विवरण अदालतमा दिएको भन्दै जाहेरी नै गलत घोषणा गरिदियो । यही फैसलापछि पीडितहरूले न्यायका लागि पुनः संघर्ष थालेका छन् ।

उनीसँगै इँटा उद्योगमा काम गर्ने सीतामढीकै ३२ वर्षीय नरेश राम, बिकाउ रामसमेत उपचार गराइरहेका रहेछन् ।

यति मात्र होइन, उच्च अदालतका न्यायाधीशहरूले गौरीशंकर बम विष्फोटमा परेको नभएर स्टोभ पड्केको हुनुपर्ने भनेका हुन् । किनभने, अस्पतालको कागजमा स्टोभ पड्केर घाइते भएको लेखिएको अदालतको दाबी छ ।



मध्यान्ह समाचार प्रभाव

# शिक्षक कर्मचारीले पाए ६ महिना रोकिएको तलब

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

लामो समयको पर्खाइपछि दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको तलब पाएका छन् ।

विश्व विद्यालयको आन्तरिक कलहका कारण विगत ६ महिनादेखि तलब नलिइ काम गर्न बाध्य शिक्षक तथा कर्मचारीले आइतबार तलब पाएका हुन् । तत्कालीन उपकुलपति यादव प्रकाश लामिछानेले विश्वविद्यालयमा रोपेर गएको कलह अझै साम्य नभएपनि शिक्षक कर्मचारीले तलब पाएपछि खुसी व्यक्त गरेका छन् ।



विश्वविद्यालयका पदाधिकारी र बजेट महाशाखाको गैरजिम्मेवारपनका कारण देशभरका संस्कृत क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीले तलब पाउन नसकेका विषयमा मध्यान्ह राष्ट्रिय दैनिकले समाचार प्रकाशन गरेपछि भिसी, रजिष्ट्रार र आर्थिक प्रशासन महाशाखाका प्रमुख दबाबमा परेको थिए ।

विश्वविद्यालय अन्तर्गत १२ वटै क्याम्पसका शिक्षक तथा कर्मचारीको बाँकी रहेको सबै तलब निकाशा गरिएको उपकुलपति धनेश्वर नेपालले मध्यान्हलाई जानकारी दिए ।

तत्कालीन उपकुलपति यादव प्रकाश लामिछानेले महाशाखाका प्रमुख सह-लेखा नियन्त्रक प्रकाश कुमार आचार्यसहित १६ जनालाई कायम मुकायम बनाए पनि नयाँ पदाधिकारी आएपछि उनीहरूलाई कामुबाट हटाइएको छ । पूर्वभिसी यादवको बदमासीपूर्ण निर्णयकाविरूद्ध अदालतमा मुद्दा परेपछि उच्च अदालत तुलसीपुरले निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भन्ने आदेश दिएको छ ।

# सहकारीमार्फत रोजगारी सिर्जना गर्ने अभियानमा छौं : नगरप्रमुख श्रेष्ठ

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ असार

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले सहकारी प्रणालीलाई स्थानीय सरकारको आर्थिक र सामाजिक विकासको मेरुदण्डको रूपमा अघि बढाउने बताएका छन् ।

सन्धिखर्क नगरपालिका अन्तर्गत महिला, बालबालिका तथा समाजकल्याण शाखाले आयोजना गरेको दुई दिने महिला सहकारी सदस्यहरूको क्षमता विकास गोष्ठीको उद्घाटन गर्दै नगरप्रमुख श्रेष्ठले गाउँ-टोलमा रहेका सहकारी संस्था विशेषगरी महिला सहकारीलाई बलियो बनाएर समृद्धिको बाटो समाउनुपर्ने बताए ।

'सहकारीबिना नगरले आर्थिक प्रगति गर्न सक्दैन,' श्रेष्ठले भने,'आर्थिक विकासका लागि सहकारीलाई बलियो खम्बा बनाउनुपर्छ । नगरपालिकाले सहकारीमैत्री नीति तथा स्थानीय कानुन तयार गरेर महिला उद्यमशीलता र स्वरोजगारलाई प्रोत्साहन गरिरहेको छ ।'



श्रेष्ठले सहकारीको माध्यमबाट कृषि, उद्यम, स्वरोजगार सिर्जना र गरिबी निवारणमा नगरपालिका लागिरहेको जनाए । उनले गैरकानुनी गतिविधिमा संलग्न सहकारी संस्था खारेज गरिने चेतावनी पनि दिए ।

कार्यक्रममा नगरपालिकाकी उपप्रमुख मिश्रा आचार्यले केही सहकारी संस्थाको गलत क्रियाकलापका कारण सम्पूर्ण सहकारी क्षेत्र बदनाम भएको भन्दै सुधार र अनुशासनको आवश्यकता औंल्याइन् । 'सहकारीले लिने अब्बल नीति र अनुशासनका माध्यमबाट गाउँ-टोलमा बेरोजगारी समस्या समाधानमा टेवा पुर्याउन सक्छ,' उनले भनिन् ।

यस्तै, प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले सहकारीले स्थानीय अर्थतन्त्रलाई गति दिएको तर अझै पनि धेरै सहकारी शहर केन्द्रित रहेको उल्लेख गर्दै सबै सहकारी संस्था अनुशासित र पारदर्शी ढंगले सञ्चालन हुनुपर्ने बताए । स्थानीय सरकारको मातहतमा रहेका सहकारी संस्थाहरूले सामाजिक उत्तरदायित्वअनुसार काम नगरेको खण्डमा दर्ता खारेज गर्ने प्रक्रिया अघि बढाइने पनि जानकारी दिए ।

कार्यक्रममा ६० भन्दा बढी महिला सहकारीकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा वरिष्ठ शाखा अधिकृत मञ्जु खनाल प्रमुख अतिथि थिइन् भने तुलसा श्रेष्ठले सञ्चालन गरेकी थिइन् ।

महिला, बालबालिका तथा समाजकल्याण शाखा प्रमुख बेलकुमारी परियारका अनुसार कार्यक्रम अन्तर्गत वित्तीय समावेशीकरण, युवा तथा महिला सशक्तिकरण, र वित्तीय साक्षरता जस्ता विषयमा कार्यपत्र प्रस्तुत गरि छलफल गरिएको थियो ।

# गोदावरीका उत्कृष्ट विद्यार्थीसहित अभिभावक सम्मानित

**माधवप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, २२ असार

गोदावरी नगरपालिका-३ ले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी र तिनका अभिभावकलाई सम्मान गरेको छ । आइतबार वडा कार्यालयमा आयोजित कार्यक्रममा नगरभित्रका विभिन्न ८ विद्यालयका १८ जना विद्यार्थीहरूलाई सम्मान गरिएको हो।

सम्मानित विद्यार्थीहरूमा किटानी माध्यमिक विद्यालयका स्वस्तिका राई, बसन्ती विक, रोहन तिमल्सिना, सरिता मोक्तान, जयश्री रोकाया र रुबिन धिताल, पुष्पाञ्जली अंग्रेजी माध्यमिक विद्यालयका समृद्धि बस्नेत, मञ्जिल महत, सुमना श्रेष्ठ र आशिष लिम्बु, सुर्योदय शैक्षिक प्रतिष्ठानका सार्थक आचार्य, क्रसेन्ट अंग्रेजी माध्यमिक विद्यालयका प्रदिका लामा र मञ्जिला मगर, विद्यासागर अंग्रेजी माध्यमिक विद्यालयका युनिका शेर्पा, रुविन बिसुंखे र आस्था विसुंखे तथा सेन्ट जेभियर गोदावरीका शान्वीश्री सिल्वाल र स्तुति सुवेदी रहेका छन्।

कार्यक्रममा गोदावरी नगरप्रमुख गजेन्द्र महर्जनले उत्कृष्ट नतिजा प्राप्त विद्यार्थी, विद्यालय र अभिभावकको प्रयासको प्रशंसा गर्दै अध्ययनमा लगनशीलता, इच्छाशक्ति र आत्मविश्वासको महत्व औंल्याए । 'महंगो कलेजभन्दा पनि इच्छाशक्ति र मेहनतले सफलता मिल्छ,' उनले भने, 'गोदावरीमै उत्कृष्ट शिक्षा प्राप्त गर्न सकिने वातावरण बनेको छ ।'

महर्जनले नगरपालिकाभित्र कम शुल्कमा प्राविधिक शिक्षा दिने विद्यालय सञ्चालनको तयारी भइरहेको जानकारी पनि दिए ।




नगर उपप्रमुख मुना अधिकारीले सामुदायिक विद्यालयको नतिजा सुधारतर्फ नगरपालिकाले विशेष ध्यान दिएको उल्लेख गर्दै सबै विद्यार्थीलाई माध्यमिक तहपछि उच्चशिक्षा हासिल गर्न उत्प्रेरित गरिनुपर्ने धारणा राखिन् । वडा अध्यक्ष सानुराज (राज) घिमिरेले आफू अध्ययनरत हुँदा यस्तो सम्मानको कल्पना पनि गर्न नसकिने बताउँदै अहिलेको अवसरलाई सदुपयोग गरेर विद्यार्थीहरू उज्वल भविष्य निर्माणमा लाग्न आग्रह गरे ।

शिक्षा तथा खेलकुद शाखा प्रमुख दिनानाथ पन्थीले गोदावरी नगरपालिकालाई शिक्षाको 'हब' बनाउने अभियानमा सबै विद्यालयको योगदान उल्लेख गर्दै पछिल्ला वर्षहरूमा आएको गुणात्मक सुधार उल्लेखनीय रहेको बताए । वडा सदस्य सन्तोष कुँवरले गोदावरी नगरपालिकाबाट शिक्षा हासिल गरेका धेरै नेपालीहरू आज अमेरिका, बेलायत जस्ता मुलुकमा शिक्षण पेशामा योगदान दिइरहेका उदाहरण प्रस्तुत गर्दै विद्यालयहरूको स्तर अझ उकास्न सबैले मिलेर लाग्नुपर्ने बताए ।

कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय जनप्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो । आयोजक वडाले आगामी दिनमा पनि शिक्षा क्षेत्रमा लगानी र प्रेरणा दिने कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

**Saudi मा रोजगार** Advanced Solutions Advertising Company is a one person company

पूर्व स्वीकृती मिति: २०८२/३/२२ चलानी नं. ६०२४०७६३ LT No.: 326771

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 1 | काममा दक्ष | 1000 | ३६,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ असार ३० गते (14 July, 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ ।

रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२
श्रम ईजाजत नं.: ६४८/०६३/६४

**UAE मा रोजगार** Condor Buidiing Contracting

पूर्व स्वीकृती मिति: २०८२/३/२२ चलानी नं. ६०२४०७०० LT.No. 326568

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labour | 200 | काममा दक्ष | 1000 | ३७,१८९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ असार ३० गते (14 July, 2025) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५७
श्रम ईजाजत नं.: ५७६/०६२/६३

# मध्यान्हकर्मी गुभाजुलाई पितृशोक

**काठमाडौं/मस-** मध्यान्हकर्मी अन्जान गुभाजुलाई पितृशोक परेको छ। मध्यान्ह राष्ट्रिय दैनकका साउदी संवाददाता गुभाजुका पिता नुवाकोट बिदुर नगरपालिका वडा नं. १३ निवासी चैत्रपति गुभाजुको शनिबार ६८ वर्षको उमेरमा निधन भएको हो ।



क्यान्सर रोगबाट पीडित गुभाजुको पछिल्लो समय काठमाडौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको थियो भने शनिबार उपचारकै क्रममा उनको निधन भएको हो । उनको आइतबार धार्मिक परम्पराअनुसार अन्तिम संस्कार गरिएको पारिवारिक स्रोतले जनाएको छ। स्व.गुभाजुका श्रीमती, १ छोरी र २ छोरा रहेका छन् ।

## नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/०३/२३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनी तथा ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०५/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **गल्छी शाखा, धादिङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

**१**

**ऋणी फर्म तथा ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङबेसी, धादिङ, ३ नं प्रदेश नेपालमा मिति २०७७/०६/१३ मा व्यवसाय कर दर्ता नं. ४२ अन्तर्गत दर्ता भएको **भारती पशुपन्छि फर्म ।**
ठेगानाः धादिङ जिल्ला नीलकण्ठ न. पा. वडा नं. ०६, भुवानि खर्क, धादिङ ।

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण:**
धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थानः धादिङ) भएकी **सीता भारती ।**

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण:**
१. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थानः धादिङ) भएका **अमिर भारती ।**
२. रुद्र प्रसाद भारतीको नाति डिल्ली बहादुर भारतीको छोरा धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं.२५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थानः धादिङ) भएका **राम बहादुर भारती ।**
३. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थानः धादिङ) भएका **आसिस भारती ।**

**संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण:**
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं प्रदेश नेपालमा मिति २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर ।**
ठेगानाः धादिङ जिल्ला नीलकण्ठ न. पा. वडा नं. ०६, भवानी खर्क, धादिङ ।

**२**

**ऋणी फर्म तथा ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं प्रदेश नेपालमा मिति २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर ।**
ठेगानाः धादिङ जिल्ला नीलकण्ठ न. पा. वडा नं. ०६, भवानी खर्क, धादिङ ।

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण:**
रुद्र प्रसाद भारतीको नाति डिल्ली बहादुर भारतीको छोरा धादिङ जिल्ला, सुनौलीबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं.२५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थानः धादिङ) भएका **राम बहादुर भारती ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थानः धादिङ) भएकी **सीता भारती ।**
२. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थानः धादिङ) भएका **अमिर भारती ।**
३. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थानः धादिङ) भएका **आसिस भारती ।**

**३**

**ऋणीको नाम र ठेगानाको विवरण**

रुद्र प्रसाद भारतीको नाति डिल्ली बहादुर भारतीको छोरा धादिङ जिल्ला, सुनौलीबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं.२५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थानः धादिङ) भएका **राम बहादुर भारती ।**

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण:**
१. धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थानः धादिङ) भएकी **सीता भारती ।**
२. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थानः धादिङ) भएका **अमिर भारती ।**
३. डिल्ली बहादुर भारतीको नाति राम बहादुर भारतीको छोरा धादिङ जिल्ला, नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थानः धादिङ) भएका **आसिस भारती ।**

**संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण:**
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं प्रदेश नेपालमा मिति २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर ।**
ठेगानाः धादिङ जिल्ला नीलकण्ठ न. पा. वडा नं. ०६, भवानी खर्क, धादिङ ।

**संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
१. धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने **राम बहादुर भारती**को नाममा दर्ता भई , यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला सुनौलाबजार गा.वि.स. वडा नं ४ सिट नं ४घ मा अवस्थित कि.नं. ५१६ र ४६ क्षेत्रफल ०-५-०-० र ४-५-३-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला नीलकण्ठ न.पा वडा नं. ०६, बस्ने **राम बहादुर भारती**को नाममा दर्ता भई , यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला सुनौलाबजार गा.वि.स. वडा नं ४ सिट नं ४ङ मा अवस्थित कि.नं. ७६ क्षेत्रफल २-५-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **गल्छी शाखा, धादिङ**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०४/०५ गते ३:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **गल्छी शाखा, धादिङ**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०४/०६ गते ३:०० बजे बैंकको गल्छी शाखा, धादिङमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **गल्छी शाखा, धादिङ**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
www.madhyanhadaily.com
२३ असार २०८२ सोमबार
7 July 2025, Monday

## सम्पादकीय

### निषेधको प्रवृत्तिलाई निरन्तरता !

पूर्वमन्त्री रामुकमारी झाँक्रीलाई पार्टीबाटै निष्कासनको कार्बाही गर्न एकीकृत समाजवादीका नेताहरूले सुझाव दिएका छन् । सचिवालय बैठकमा नेताहरूले रामकुमारी झाँक्रीलाई निस्कासन गर्न माग राखेका हुन् । गत १४ असारमा बुटवलमा आयोजित एक कार्यक्रममा नेतृ झाँक्रीले अध्यक्ष माधवकुमार नेपालबारे टिप्पणी गरेका थिए । पतञ्जली जग्गा प्रकरणमा विशेष अदालत पाटनले ३५ लाख धरौटी माग्दै तारेखमा बस्न अध्यक्ष नेपाललाई आदेश दिएको छ । यस्तो आदेश लगत्तै नेतृ झाँक्रीले 'मरेको सिनो' बोकेर हिड्न नसकिने टिप्पणी गरेकी थिइन् । यद्यपि उनको उद्देश्य पार्टी पुनर्गठन गरेर जानुपर्छ भन्ने हो । अध्यक्षमाथि गम्भीर संकट आएकाले पार्टी पुनर्गठन गरेर जानुपर्ने झाँक्रीको प्रस्ताव थियो । त्यस क्रममा 'सिनो' शब्द प्रयोग गरेका थिए ।

नेतृ झाँक्रीको उक्त शब्दप्रति आपत्ति जनाउँदै एकीकृत समाजवादीले स्पष्टीकरण मागेको थियो । अनुशासन आयोगका तर्फबाट झाँक्रीलाई स्पष्टीकरण सोधिएको थियो । यसै सन्दर्भमा सचिवालय बैठकमा छलफल भइरहेको छ । छलफलका क्रममा नेताहरू राजेन्द्र राई, शेरबहादुर कुँवर, मेटमणि चौधरी लगायतले निष्कासनको कार्बाही गर्न धारणा राखेका छन् । महासचिव घनश्याम भूसाल भने निस्कासनको तहमा पुग्न नहुने पक्षमा छन् । यस्तै प्रकृतिका कमजोरी हुँदा महासचिव भूसालले स्पष्टीकरण सोध्दै आएकोमा यसपटक अनुशासन आयोग मार्फत् झाँक्रीलाई स्पष्टीकरण सोधिएको छ । तसर्थ पनि झाँक्रीलाई पार्टीबाट निस्कासनको निर्णय हुन सक्ने सम्भावना धेरै छ । यदि यस्तो निर्णयमा एकीकृत समाजवादी पुग्यो भने एकीकृत समाजवादीको राजनीतिक जीवनमा एउटा नयाँ मोड आउन सक्छ ।

राष्ट्रिय राजनीतिमा भने नेतृत्वमा देखिने गरेको निरंकुश प्रवृत्तिकै निरन्तरता हुनेछ । पार्टी नेतृत्वप्रति असहमति वा फरक मत राख्दा पार्टीबाटै निस्कासित गरिने प्रवृत्ति नेपालका कम्युनिष्टहरूमा निकै पुरानो हो । पछिल्लो समय एमालेका अध्यक्ष केपी ओलीले त्यस्तो प्रवृत्तिलाई निरन्तरता दिदै आएका छन् । केही महिना अगाडि मात्रै पार्टी अध्यक्ष पदमा ओलीसँग प्रतिस्पर्धा गरेका भीम रावललाई निस्कासन गर्ने निर्णय एमालेले गरेको थियो । रावललाई निस्कासन गर्दा पार्टी निर्णयप्रति फरक मत राखेको भनेर विन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई निलम्बन गरिएको थियो । एमाले अध्यक्ष ओलीमा देखिएको यस्तै प्रवृत्तिको विरोध गरेर फुटेको पार्टी हो, एकीकृत समाजवादी । तर एकीकृत समाजवादीमा पनि नेतृत्वबारे टिप्पणी गर्दा निस्कासनकै निर्णय हुने संस्कृतिको थालनि हुनेछ । जबकि यसबेला नैतिकताका आधारमा माधव नेपालले चाहिँ पार्टी नेतृत्वबाट हट्नुपर्ने हो ।

# वैदेशिक रोजगारको क्षेत्रमा गर्नुपर्ने काम

*वैदेशिक रोजगारको सन्दर्भमा सरकारको काम केवल अनुमति दिने, राजस्व असुल गर्ने वा समस्यामा विज्ञप्ति निकाल्ने मात्र होइन, समग्र श्रमिक-केन्द्रित दृष्टिकोण निर्माण गर्नु हो...*

अग्रलेख



● ईश्वर बुढाथोकी

नेपाल एक श्रमिक आपूर्तिकर्ता मुलुकका रूपमा विश्वमा चिनिन्छ । विशेषतः खाडी मुलुकहरू, मलेसिया, कोरिया, जापान र हालका वर्षहरूमा केही युरोपेली राष्ट्रहरूमा पनि नेपाली श्रमिकहरूको संख्या उल्लेखनीयरूपमा बढिरहेको छ । देशभित्र रोजगारीका सम्भावना सिमित, उत्पादनशीलता न्यून र शासन प्रणाली प्रभावकारी नहुँदा वैदेशिक रोजगारी धेरै नेपालीहरूको बाध्यात्मक रोजाइ बन्न पुगेको छ । तर, वैदेशिक रोजगारीबाट नेपालले जे फाइदा लिन सक्नुपर्ने थियो, त्यो अझै लिन सकिरहेको छैन । यसका लागि सरकार, निजी क्षेत्र, श्रमिक स्वयं र समाजले बहुआयामिक पहल गर्न जरुरी छ ।

सबैभन्दा पहिला, वैदेशिक रोजगारी नीतिगत तहमा समृद्धिको आधार बन्न सक्नुपर्छ । हालको अवस्थामा यो नीति र नियमनको अभावले भरिएको क्षेत्रजस्तो देखिन्छ । सरकारको जिम्मेवारी वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र दीर्घकालीन फाइदामूलक बनाउनु हो, जुन कार्य अझै सतहमै सीमित छ । विदेश जान चाहने युवाहरूले दिनहुँ दलालहरूको ठगी, कागजी प्रक्रिया, अनावश्यक शुल्क र असुरक्षित रोजगार सम्झौताको सिकार भइरहेका छन् । यस अवस्थाबाट मुक्त हुन सरकारी संयन्त्रहरूको दक्षता, पारदर्शिता र जवाफदेहिता बढाउनु अनिवार्य छ ।

विदेश जाने प्रक्रियामा स्पष्ट पारदर्शिता आवश्यक छ । श्रमिकले कुन कम्पनी, कुन देश, कति तलब, कस्तो सुविधा पाउँछन् भन्ने सबै विवरण प्रस्ट हुनुपर्छ । अहिले पनि अधिकांश श्रमिकहरू दलाल वा एजेन्टमार्फत विदेश जान्छन्, जसले करिब १ लाखदेखि ३ लाख रुपैयाँसम्मको खर्च थोपर्छ । यसरी ठगिएर विदेश पुगेका श्रमिकहरू स्वाभाविकरूपमा असन्तुष्ट हुन्छन् र दुर्घटनाको जोखिममा पर्छन्, यस्ता समस्यालाई समाधान गर्न श्रम स्वीकृति प्रणाली पूर्णतः अनलाइन र ट्र्याकेबल हुनुपर्छ, जसले श्रमिक स्वयंले कम्पनी र सम्झौताको विवरण हेर्न सकून् ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सीप अभिवृद्धि आजको अपरिहार्यता हो । अधिकांश नेपाली श्रमिकहरू सीपयुक्त नभई वा न्यून दक्ष श्रमिकका रूपमा विदेश जान्छन् । त्यसैले कम तलब, जोखिमपूर्ण काम र अपमानको सामना गर्न बाध्य हुन्छन् । यदि राज्यले व्यवस्थित सीपमूलक तालिमको संयन्त्र बनाउने हो भने श्रमिकहरू उच्च तलब पाउने, सम्मानजनक तथा सुरक्षित रोजगारीमा जान सक्नेछन् । उदाहरणका लागि, जापान, दक्षिण कोरिया वा जर्मनीजस्ता देशहरूलाई हेर्ने हो भने त्यहाँ सीपयुक्त श्रमिकहरूलाई प्राथमिकता दिइन्छ । त्यसैले नेपालको सरकारी र निजी सीप तालिम संस्थाहरूको स्तरीयता अभिवृद्धि गरिनुपर्छ । तालिम मात्र हैन, त्यसपछि प्रमाणिकरण, मूल्यांकन र रोजगार समन्वय पनि हुनुपर्छ ।

सँगै, वैदेशिक रोजगार सम्झौतामा राष्ट्रको हैसियत देखिने गरी काम गर्नु हो । अहिले कतिपय मुलुकमा नेपाली श्रमिकहरू अपमान, तलब नदिने, पासपोर्ट जफत गर्ने, कामको घण्टा बढाउने र सामाजिक सुरक्षाबाट वञ्चित हुने जस्ता समस्यामा पर्छन् । यो अवस्था समाधानका लागि सरकारद्वारा गएका श्रम समझदारीहरूलाई मजबुत बनाउनुपर्छ । सम्झौतामा श्रमिकको हक र सुरक्षाका विषयमा कठोर प्रावधान हुनुपर्छ । यस्ता सम्झौताहरू केवल कागजी काम होइनन्, कार्यान्वयन गर्न सक्ने खालका हुनुपर्छ । विदेशस्थित नेपाली दूतावास र श्रम कन्सुलरहरूलाई थप जिम्मेवार बनाइनुपर्छ, ताकि श्रमिकको उद्धार, सहायताको पहुँच सहज होस् ।



वैदेशिक रोजगारबाट पठाइएको विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने रणनीति बनाउनुपर्छ । हाल प्रायः विप्रेषण रकम घर खर्च, घर बनाउने वा आयातित वस्तुमा खर्च हुने गरेको पाइन्छ । यसले राष्ट्रिय उत्पादन र स्वरोजगारमा प्रत्यक्ष प्रभाव पार्दैन । सरकार र वित्तीय संस्थाहरूले विप्रेषण रकमलाई कृषिमा लगानी गर्न सहुलियत ऋण, बीमा सुविधा र सीप अभिमुखी योजना ल्याउनु आवश्यक छ । यस्ता योजनाले फर्केका श्रमिकहरूलाई उद्यमशील बनाउनेछ, जसले रोजगारी सिर्जनामा समेत योगदान दिनेछ । 'फर्केका युवालाई स्वदेशमै रोजगारी' भन्ने अभियानलाई व्यवहारमा उतार्न सरकारी संयन्त्रले उदाहरणीय काम गर्नुपर्छ ।

वैदेशिक रोजगारका नकारात्मक सामाजिक पक्षलाई नियन्त्रण गर्नु पनि निकै आवश्यक छ । विदेशमा रहेकाले भौतिक तवरले परिवारबाट टाढा रहनुपर्ने, पतिपत्नीबिच टाढापन, बालबालिकाको मनोविज्ञानमा असर, सामाजिक विघटनजस्ता समस्या अत्यन्तै सामान्य भइसकेका छन् । यस्ता समस्याको समाधानका लागि समाज र राज्य दुवैको भूमिका जरुरी हुन्छ । श्रमिकको परिवारको मनोपरामर्श, कानुनी सहायता र सामाजिक जागरण कार्यक्रम सञ्चालन हुनुपर्छ । सबै कुरा पैसाले मात्र समाधान हुँदैन, सम्बन्ध र समाज पनि टिक्नुपर्छ ।

वैदेशिक रोजगारका सन्दर्भमा सरकारसँग विदेशस्थित दूतावास र मिसनहरू सक्षम, सशक्त र प्रभावकारी हुनुपर्छ । हाल कतिपय देशमा नेपाली दूतावास श्रमिकप्रति गम्भीर छैनन् । त्यहाँ काम गर्ने कर्मचारीहरू गैरजिम्मेवार, दलालसँग मिलेको र पीडित श्रमिकहरूको सहयोग गर्न अनिच्छुक भएको आरोप लगाइन्छ । यस्तो अवस्थाले नेपाली श्रमिकको मनोबल घटाउँछ र नेपाली राष्ट्रको प्रतिष्ठामा आघात पुऱ्याउँछ । त्यसैले दूतावासको नेतृत्वमा योग्य, इमान्दार, श्रमिक-मैत्री सोच राख्ने व्यक्ति पठाइनुपर्छ । तिनको कामकाजलाई पारदर्शी बनाउने अनुगमन प्रणाली पनि स्थापित गर्नुपर्छ ।

वैदेशिक रोजगारको डाटाबेस तथा अनुसन्धान संयन्त्रको विकास गर्नु जरुरी छ । अहिलेसम्म कति नेपाली कुन देशमा छन्, कुन पेशामा छन्, कति फर्किए, कति दुर्घटनामा परे, कति लाभदायक काम गरिरहेका छन्, जस्ता आधारभूत तथ्यांकहरूसमेत अस्पष्ट छन् । कुनै पनि नीति निर्माण गर्न तथ्यांकको आवश्यकता हुन्छ । त्यसैले सरकारले वैदेशिक रोजगारको लागि छुट्टै अनुसन्धान केन्द्र स्थापना गरेर समग्र जानकारी संकलन गर्नुपर्छ, जुन तथ्यांकमा आधारित नीति निर्माणका लागि आधारशिला हुनेछ ।

नेपालमा वैदेशिक रोजगार सम्बन्धी सेवा प्रदान गर्ने संस्थाहरू, चाहे त्यो म्यानपावर होस् वा तालिम संस्था तिनको गुणस्तर, व्यावसायिकता र नियमन सुधार्नुपर्छ । म्यानपावर कम्पनीहरूबीच प्रतिस्पर्धा त देखिन्छ, तर धेरैजसो एजेन्ट प्रवृत्ति, ठगी वा अनुचित लाभको दौडमा छन् । यिनलाई व्यवस्थित पार्न श्रम मन्त्रालय मातहत स्वतन्त्र नियमन संयन्त्र हुन जरुरी छ, जसले अनुशासनहीन कम्पनीहरूको इजाजत खारेज गर्न सकोस् । साथै, श्रमिकले गुनासो गर्न सक्ने, सिधै कार्यवाहीको माग गर्न सक्ने डिजिटल प्लेटफर्म पनि आवश्यक छ ।

> *वैदेशिक रोजगारी नीतिगत तहमा समृद्धिको आधार बन्न सक्नुपर्छ । हालको अवस्थामा यो नीति र नियमनको अभावले भरिएको क्षेत्रजस्तो देखिन्छ । सरकारको जिम्मेवारी वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र दीर्घकालीन फाइदामूलक बनाउनु हो, जुन कार्य अझै सतहमै सीमित छ...*

विदेश गएर फर्किएका श्रमिकहरूलाई 'सीप, पुँजी र अनुभव' बोकेका राष्ट्रनिर्माता नागरिकको रूपमा स्वीकार गर्ने मानसिकता निर्माण गरिनुपर्छ । यिनले सँगालेको अनुभव, सञ्जाल र कमाइ राष्ट्र निर्माणमा प्रयोग हुनुपर्छ । फर्किएपछि यिनलाई पक्रने कुनै योजना, रोजगार सूचना वा सरकारी सहकार्यको अभाव हुन्छ । यस्तो खालको उपेक्षा राष्ट्रको घाटा हो । सरकार, स्थानीय तह र निजी क्षेत्र मिलेर फर्किएका श्रमिकका लागि व्यवसायिक इनक्यूबेटर, सहुलियत ऋण, तालिम र साझेदारी कार्यक्रम ल्याउनु आवश्यक छ ।

वैदेशिक रोजगार केवल आर्थिक अस्तित्वको लागि हो भनेर बुझ्नु पनि सीमित दृष्टिकोण हो । यो राष्ट्रको श्रमशीलताको प्रतिनिधित्व हो, जसले नेपाललाई विश्वमा चिनाउँछ । त्यसैले यो क्षेत्रलाई व्यवस्थित, सुरक्षित र दीर्घकालीन सोचअनुसार अगाडि बढाउनु आजको आवश्यकता हो । सरकारको काम केवल अनुमति दिने, राजस्व असुल गर्ने वा समस्यामा विज्ञप्ति निकाल्ने मात्र होइन, समग्र श्रमिक-केन्द्रित दृष्टिकोण निर्माण गर्नु हो ।


यदि सरकार र समाजले मिलेर वैदेशिक रोजगारलाई 'पलायनको विकल्प' होइन, 'सीप र स्रोतको उपयोग'का रूपमा रूपान्तरण गर्न सके, नेपालले यसबाट चमत्कारिक लाभ लिन सक्छ । सस्तो श्रमका रूपमा होइन, दक्ष नागरिकका रूपमा नेपाली श्रमिक विश्वभरि चिनिनेछन् । त्यही दिन वैदेशिक रोजगारी नेपालको सम्भावना होइन, सम्पत्ति हुनेछ ।

## इतिहासमा आज

७ जुलाई २००५ मा लन्डनको सडकमा चार वटा श्रृंखलाबद्ध विस्फोटहरू गराइएका थिए । जसमा चार आत्मघाती बमवर्षकहरू सहित ५६ जनाको मृत्यु भएको थियो । घटनामा ७०० भन्दा बढी घाइते भएका थिए ।



७ जुलाई २०१६ मा टेक्सासको डलासमा प्रहरी विरोध प्रदर्शनको क्रममा पूर्वअमेरिकी सेनाका सिपाही मीका जेभियर जोनसनले १४ प्रहरीलाई गोली हानेका थिए । जसमध्ये पाँच जनाको मृत्यु भएको थियो ।



७ जुलाई २०१७ मा आणविक हतियार निषेधसम्बन्धी सन्धिमा १२२ देशहरूले पक्षमा मतदान गरेपछि पारित भएको थियो ।



७ जुलाई २०२२ मा जुलाई २०२२ को बेलायतको प्रधानमन्त्रीको पदबाट बोरिस जोनसनले राजीनामाको घोषणा गरेका थिए । अर्थतन्त्रमा समस्या परेको जस्ता विभिन्न आरोपका बिच उनी आबद्ध दल कन्जरभेटिभ पार्टीभित्रै उनी दबाबमा थिए ।



# वृद्धाश्रम बन्ने खतरा

विचार



● नरेन्द्रमान श्रेष्ठ

> *अहिले प्रायः गाउँ खाडी जानेहरूको कारण खाली छ भने सहर युरोप-अमेरिका जानेको कारण । विडम्बनाको कुरा भन्नुपर्छ, गाउँ र सहर वृद्धा वृद्धाको डेरा बन्दै छ...*

पछिल्लो समयमा युवाहरू धमाधम विदेशिएको कारणले देश वृद्धा आश्रम बन्ने त होइन, भन्ने चिन्ता आममा देखिन्छ । युवाहरू कोही अध्ययनको लागि त कोही रोजगारीको लागि विदेशिएको कारणले धेरैजसो गाउँघर युवा विहीन हुँदै गइरहेका छन् । जसकारणले धेरैजसो गाउँमा युवाहरू नै छैनन् भन्दा पनि फरक नपर्ला । यस्तोमा कतिपय वृद्ध वृद्धा वा आमाहरूलाई त सरकारले दिने गरेको वृद्ध भत्ता लिन जानको लागि समेत समस्या परेको छ । कतिपयको घरमा वृद्ध भत्ता लिन जानको लागि साथी जानेको समेत अभाव भएको बताउँछन् कतिपय बा-आमाहरू । सँगै, राज्यको वृद्ध भत्ताको सन्दर्भमा फेरिने नीतिहरूले पनि वृद्ध वृद्धालाई समस्या पारिरहेको छ ।

कहिले वृद्ध भत्ता लिन र नवीकरण गर्नको लागि राष्ट्रिय परिचय पत्र अनिवार्य भनेर भनेका छन् त कहिले वृद्ध भत्ता नवीकरण गर्नको लागि वडा कार्यालयमा स्वयम् उपस्थित हुनुपर्छ भनेका छन् । सँगै, सही छाप डिजिटललाइज गर्नुपर्छ भन्ने नीति पनि आएको छ । वृद्ध वृद्धाहरूलाई त कहिले बैंकहरू नै परिवर्तन गर्ने गरेको घटनाले पनि समस्यामा पार्छ । शारीरिक अवस्थासँगै मानसिक अवस्थाले पनि कमजोर बनेका वृद्ध वृद्धाहरूलाई सहयोगको साटो नीतिगत असहजता बनाउँदा धेरै समस्यामा छन् ।

वृद्ध भत्ता लिन जे-जस्तो परिपाटी बनाइएको छ, त्यसलाई हेर्दा भत्ता सुविधा कि सास्ती भन्ने प्रश्न उठ्छ । एकातिर ६८ वर्षका व्यक्तिले समेत भत्ता पाउने व्यवस्था गरिएको छ भने अर्कोतिर अशक्त बिरामीहरू र हिँडडुल गर्न नसक्नेहरूले भत्ता पाउनबाट वञ्चित गर्न खोजेको त होइन, यो कस्तो नियम हो । राष्ट्रिय परिचयपत्र चाहिने भएको भए नागरिकता किन चाहियो ? किन नागरिकता र राष्ट्रिय पत्रबिच तादाम्यता नमिलाइएको हो ?

अहिले छोराछोरीहरू बिदेसिएको कारणले वृद्ध भत्ता लिन समस्या भइरहेको छ । देशका युवाहरू धमाधम विदेशिएका छन् । कोही नेपालमा रोजगार छैन, सरकारले रोजगारी दिन सकेन भनेर विदेशिएका छन् भने कोही अध्ययनका नाममा विदेशिएका छन् । अध्ययनको लागि भनेर विद्यार्थीहरू अमेरिका, अस्ट्रेलिया, बेलायत आदि देशहरूमा जाने गरिरहेका छन् । जसको संख्या दिनमै सय होइन, हजारको छ । जससँगै गाउँहरू युवाविहीन हुन थालेका हुन् ।युवाहरू धमाधम विदेशिएसँगै गाउँ वृद्ध वृद्धाको मात्रै थलो बनेको हो । खाडी गएका त जसरी पनि फर्किन्छन्, तर युरोप र अमेरिका जानेहरूलाई भने फर्काउन गाह्रो छ । उनीहरू उस्तै परे देशभित्रको सम्पत्तिसमेत बेचेर जान्छन् । अहिले प्रायः गाउँ खाडी जानेहरूको कारण खाली छ भने सहर युरोप-अमेरिका जानेको कारण । विडम्बनाको कुरा भन्नुपर्छ, गाउँ र सहर वृद्धा वृद्धाको डेरा बन्दै छ । अहिलेको परिपाटी नसच्चिएमा देश छिट्टै जनशक्तिको अभावमा ठूलो समस्यामा पर्नेछ । युवाहरूलाई खाडीबाट फिर्ता नगरेसम्म, विकासको मेरुदण्डको रूपमा रहेको गाउँलाई विकास नगरेसम्म मुलुक समृद्ध हुन सक्दैन । मुलुकले कोल्टे फेर्न सक्दैन ।

## सामाजिक सञ्जाल



**ओमकुमार थापा**

सहकारी ठगीलगायतका मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका रवि लामिछानेलाई छुटाउने बताउँदै न्यायिक प्रक्रियालाई नै प्रभावित पार्ने गरी सार्वजनिकरूपमा भइरहेका हस्ताक्षर र आर्थिक संकलनले हाम्रो समाज कति अराजक बन्दै छ भन्ने प्रस्ट हुन्छ । अदालतलाई दबाब दिएर कस्तो न्यायको अपेक्षा गर्ने ?

देशको अभिभावकत्व बोक्नुपर्ने कार्यकारिणीप्रतिको अत्यन्तै नकारात्मक वातावरण बनिराख्दा सर्वोच्चको फैसलामा कार्यकारिणीको छाया नपरिदिएर न्यायालयको नियतमाथि कसैले प्रश्न नउठाइदिए हुन्थ्यो भन्ने त लाग्छ र पनि त्यस्तो नबनिदिँदा दुःख लाग्छ ।



**रामकुमार श्रेष्ठ**



**प्रेमकान्त अधिकारी**

अदालतले तत्कालको लागि कोही कसैलाई दुई दिनको केको न्यानो भनेजस्तो होला, तर फैसला गरिदिएर स्वेच्छाचारी शासन प्रवृत्तिको अन्त्य हुनुपर्नेमा प्रोत्साहन दिएजस्तो लाग्यो । यस्ता गलत क्रियाकलापले भविष्य उज्यालो हुन गाह्रो हुन्छ । हाम्रो शुभ कामना फेरि नदोहोरियोस् भन्ने नै हो ।

कर्मचारीतन्त्रमा मात्र नभई राजनीतिमा पनि कुलिङ पिरियड राखौं, एक पटक सांसद भएकालाई ५ वर्ष चुनाव लड्न नमिल्ने, एक पटक मन्त्री भएकालाई १० वर्ष सार्वजनिक पदमा बस्न नमिल्ने विधेयक ल्याऔं । तब शुद्धीकरण हुन्छ ।



**निर्मल प्रसाईं**

# निष्क्रिय कर्जा समस्यालाई मौद्रिक नीतिले सम्बोधन गर्ने



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ असार ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले वित्त नीतिले निर्देशित गरेका कार्यक्रमलाई सघाउने गरी मौद्रिक नीति तयार हुने बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)द्वारा राजधानीमा आयोजित 'प्री मनिटरी' छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले वित्त नीति र मौद्रिक नीतिबीच उचित समन्वय गरिने जनाएका हुन् ।

सो क्रममा गभर्नर डा. पौडेलले कृषि, ऊर्जा र उद्योग जस्ता प्राथमिकताप्राप्त क्षेत्रको प्रवर्द्धन हुने गरी मौद्रिक नीति तर्जुमा हुने जानकारी दिए । प्राथमिकताप्राप्त क्षेत्रमै निष्क्रिय कर्जाको बढी समस्या रहेको स्विकार गर्दै उनले मौद्रिक नीतिमार्फत् उचित सम्बोधन हुने बताए । 'डेढ सय वर्षअघि संस्थाको ब्यालेन्स सिट हेरेर ऋण तिरेको छ छैन हेर्ने गरिन्थ्यो । तर, अहिले कृषि र उद्योग क्षेत्रमा कर्जा बढी जाओस् भन्ने चाहे पनि सोहि क्षेत्रमा बढी 'एनपिएल' देखियो,' उनले भने, 'साना व्यवसायी लाई पनि प्रवर्द्धन गर्नुपर्ने छ, यसैले सबै क्षेत्रलाई नछोडि अगाडि बढाउँछौं ।'

कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले खराब कर्जाको आकार बढिरहँदा घरजग्गा धितो लिलामी बिक्रीसमेत नभएको अवस्थाले गर्दा बैंकहरूले सम्पत्ति व्यवस्थापन कम्पनीको माग गरेको बताए । अन्तर्राष्ट्रिय रुपमा पनि यस्तो अभ्यास भएकोले नेपालमा पनि यस्तो कम्पनी हुँदा समस्या निराकरण हुने उनको धारणा थियो । प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा सीमा तोकेर पु¥याउनुपर्छ भनिरहँदा त्यस क्षेत्रको एनपिएल बढेकोबारे पनि पुनर्विचार आवश्यक रहेको उनको भनाइ थियो ।

बैंकहरूमा धितोको नभइ नगद समस्या भएको अध्यक्ष कोइरालाले भएको बताए । 'समस्या धितोको होईन नगदमा छ, सामान बिक्री भएका छैनन्, पैसा नउठ्दा ऋण तिर्न सकेको छैन, खास समस्या यहाँ भएकाले यसबारे सम्बोधन होस्,' उनले भने । चालुपुँजी कर्जासम्बन्धी मापदन्डले स्व-अनुशासनमा ल्याउन सहयोग पुगेको उनको धारणा थियो । केन्द्र बाहेक प्रदेश र स्थानीय तहले पनि फरक नीतिगत व्यवस्था गर्दा अप्ठ्यारो भइरहेको उनले बताए ।

बैंक तथा वित्तिय संस्था परिसंघ नेपाल (सिविफिन)का अध्यक्ष उपेन्द्रप्रसाद पौड्यालले केन्द्रिय बैंकले निर्देशित गरेको कर्जा प्रतिशत पु¥याउने चक्करमा बैंकहरू आक्रामक भएको बताए । 'आक्रामक कर्जा गयो तर उठाउन नसकेर एनपीए बढ्दै गएकोमा विश्लेषण जरुरी छ' उनले भने । साना तथा मझौला उद्यमीहरूको व्यवसाय व्यवस्थापन नै प्रमुख चुनौति बनेको अवस्थामा उनीहरूको क्षमता मापन अर्को चुनौति बनेको उनको भनाइ थियो । 'यसैले ऋणीलाई कर्जा तिर्ने क्षमता कसरी बढाउने भन्नेमा ध्यान दिनुपर्छ । निर्देशित कर्जा नीतिहरूको प्रभाव हेर्न छुट्टै काम गरौं' उनले भने ।

## 'अर्थतन्त्रलाई चलायमान बनाउने मौद्रिक नीति आवश्यक'

चुनौतीपूर्ण अर्थतन्त्रलाई चलायमान बनाउने खालको गरी आगामी मौद्रिक नीति तयार गर्नुपर्ने सरोकारवालाहरूले बताएका छन् । खासगरी निष्क्रिय कर्जाले चुनौति बढेपछि यसको समाधानका लागि अबको मौद्रिक नीतिले विकल्प खोज्नु पर्ने उनीहरूको सुझाव छ । सेजनको प्रि मनिटरी छलफल कार्यक्रमको प्यानल सत्रका सहभागीले यस्तो उल्लेख गरेका हुन् ।

छलफलमा बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल(सिबिफिन)का वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले बैंकहरूलाई कर्जा नोक्सानी व्यवस्था (लोन लस प्रोभिजन) कडा भएको गुनासो गरे । 'यसअघि अनौपचारिक कर्जामा प्रोभिजन राख्नुपर्ने व्यवस्था गर्दा बैंकिङ क्षेत्रमा पुँजीमा दबाब परेको थियो, भारतमा धितोले नपुग्नेलाई मात्रै कर्जा नोक्सानी प्रोभिजनमा छुट्याउनु पर्ने व्यवस्था छ, तर नेपालमा अहिल बढि कडा भयो' उनले भने । यसले गर्दा अहिले जग्गा बेचेर ऋण तिर्छु भन्दा पनि बिक्री हुने अवस्था नरहेको उनले बताए ।

अर्थशास्त्री डा. मेनुका कार्कीले निजी क्षेत्रको कर्जाले अर्थतन्त्रमा उत्पादकत्व र रोजगारीमा पुगेको योगदान विश्लेषण गरेर नीति बनाउन जरुरी रहेको सुझाव दिइन् । खराब कर्जा बढ्दैमा बैंक नराम्रो भन्न नमिल्ने उनको तर्क थियो । 'एक दुई-वर्षअघि नेपालको बैंकमा १२/१३ प्रतिशतसम्म खराब कर्जा थियो । केही समयअघि पुनर्संरचना र पुनर्तालिकीकरणको सुविधा दिईयो' उनले भनिन् 'केही समयपछि बैंकहरूको वास्ताविक अवस्था बाहिर आएपछि दिएको भए राम्रो हुन्थ्यो भन्ने धेरैले चाहेका थिए ।'

पूर्व मुख्यसचिव डा.वैकुण्ठ अर्यालले मौद्रिक र वित्त नीति दुवैको उद्देश्य उस्तै भए पनि थोरै फरक रहेको बताए । वित्त नीतिले वातावरण सिर्जना गर्ने उनको भनाइ थियो । 'मौद्रिकले वित्त नीतिलाई सहायता गर्नुपर्ने हो, तर हाम्रोमा वित्त नीति आउँछ त्यसलाई मौद्रिकले सघाउने भनिए पनि आइसोलेट भएर आउँछ' उनले भने । वित्त नीतिले नबोलेको विषयमा मौद्रिक नीतिले बोल्ने धेरै निजी क्षेत्रको अपेक्षा हुने भएपनि नीतिगत स्थिरता नभएको उनले बताए । सरकारको खर्च र राजस्व संकलनको सन्तुलन नमिल्दा वित्त नीति विस्तारकारी हुन नसक्ने हुँदा निजी क्षेत्रले मौद्रिक नीतिबाट बढी अपेक्षा राखेको देखिने उनले बताए ।

अर्थशास्त्री डा. समिर खतिवडा भने मौद्रिक नीति र वित्त नीति सधैं समन्वय हुनुपर्छ भन्ने नहुने तर्क गर्छन् । उनका अनुसार राष्ट्र बैंकको जिम्मेवारी मुद्रास्फीति नियन्त्रण गर्नु हो । 'वित्त नीतिले मौद्रिक नीतिलाई काम गर्ने वातावरण दिनुपर्छ, केन्द्रीय बैंकको स्वायतता कायम राखेर काम गर्न पाउँदा अन्तर्राष्ट्रिय अभ्यासमा केन्द्रीय बैंकको भूमिका बलियो हुँदै गएको हो,' उनले भने ।

## फरवार्डबाट विपन्न बेरोजगारहरूलाई सफारी हस्तान्तरण




**ललितपुर/मस** – फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाको शाखा कार्यालय खनार सुनसरीले शुक्रबार अर्थात् असार २० गते बेरोजगार गरीव समुदायका १० जनालाई सिटी सफारी बितरण गरेको छ । लघुवित्तले ज्याला-मजदुरी गरी हातमुख जोनपर्ने, दैनिक काम नपाइने, एकजनाको कमाइमा परिवार आश्रित हुनुपर्ने जस्ता आर्थिक रूपमा एकदमै कमजोर युवाहरूलाई लक्षित गरी सहुलियत ब्याजदरमा तिर्ने गरी दुई लाख ६५ हजार रुपैयाँ बराबरको सफारी दिएको हो ।

सफारी बितरण कार्यक्रममा फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाका कर्जा विभाग प्रमुख बचनकुमार चौधरी, शाखा कार्यालय खनारका शाखा प्रमुख सिमलाकुमारी चौधरीबाट संयुक्त रूपमा ग्राहकहरूलाई हस्तान्तरण गरेका थिए । सो कार्यले बेरोजगारीहरूलाई स्वरोजगार बनाउनुका साथै विपन्न परिवारलाई दैनिक चलाउने समेत सहज हुने संस्थाले जनाएको छ ।

## निर्माण व्यवसायीलाई सुरक्षाको प्रत्याभूति दिन महासंघको ध्यानाकर्षण




**काठमाडौं/मस** – निर्माण उद्योगमा संलग्न व्यवसायीको सुरक्षाका विषयमा सरोकारवाला निकाय गम्भीर नभएको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ । महासंघका महासचिव रोशन दाहालले आइतबार विज्ञप्ति जारी गर्दै मकवानपुरको सहरी विकास तथा भवन कार्यालय र दोलखा काली भूमे कन्स्ट्रक्शन एण्ड सप्लार्यस प्रालि बीच ठेक्का सम्झौता भई कार्य भइरहँदा महिला निर्माण व्यवसायी मञ्जु लामामाथि भएको अभद्र व्यवहारप्रति कडा आपत्ति जनाइएको हो ।


हेटौंडा उपमहानगरपालिका वडा नं का ४ का वडाध्यक्ष नवीन सिग्देलले लामामाथि यही असार १९ गते अभद्र व्यवहार गर्दै जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा थुनाउने कार्य गरेको घटनाको भत्सर्ना गर्दै महासंघले त्यसप्रति खेद व्यक्त गरेको छ ।

'सम्बन्धित् कार्यालयसँग समन्वय गरी सत्यतथ्य पत्ता लगाई आपसी संवादमार्फत् निष्पक्ष छानबिन गरी समस्या समाधान गर्नुपर्नेमा वडाध्यक्ष जस्तो जिम्मेवार व्यक्तिबाट निर्माण कार्य तीव्र रूपमा गर्नुपर्ने अहिलेकै सिजनमा महिला निर्माण व्यवसायी उपर भएको यस किसिमको हर्कतबाट जनप्रतिनिधिमा सत्ता उन्माद भई कानूनी शासनको उपहास गरिएको महासंघको ठहर छ', महासचिव दाहालद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।

निर्माण व्यवसायी लामालाई तत्काल रिहा गरी घटनामा संलग्नलाई कडा भन्दा कडा कारवाही गर्न तथा देशभरका निर्माण व्यवसायीहरू, उनीहरूमा आश्रित कामदार सहित निर्माण उपकरणको समेत सुरक्षाको पूर्ण व्यवस्था मिलाउन महासंघले जोडदार माग गरेको छ । व्यवसायीमाथिको सो किसिमको निन्दनीय घटना बन्द नभए महासंघ बाध्य भएर देशभरका निर्माण कार्य ठप्प पारी सशक्त आन्दोलनमा उत्रन बाध्य हुने विज्ञप्तिमा जनाइएको छ ।

## कर्पोरेट संक्षिप्त

### सीजी इलेक्ट्रोनिक्सद्वारा नयाँ टेलिभिजन सार्वजनिक




**काठमाडौं/मस** – सीजी इलेक्ट्रोनिक्सले सीजी मेरिडिया ५५ इन्च काराओके क्यूएलईडी टीभी सार्वजनिक गरेको छ । यसले नेपाली बजारमा पहिलोपटक डिस्प्ले विथ बुल्ट इन काराओके इन्टरटेनमेन्ट एकैसाथ ल्याएको हो ।

सीजीको 'लेभल अप' अभियान अन्तर्गत विकसित यो प्रविधियुक्त टेलिभिजन अब केवल हेर्ने मात्र होइन, गाउने, रमाउने, र आफैंलाई प्रस्तुत गर्ने एक निजी स्टेज बन्न गइरहेको सीजीको दाबी छ । हरेक नेपालीले अब आफ्नै सेक्रेट रकस्टार सिधै आफ्नै घरबाट खोज्न सक्नेसमेत सीजीले जनाएको छ ।

कम्पनीकाअनुसार यो केवल प्रविधि होइन, यो नेपाली दर्शकका लागि तयार पारिएको एक नयाँ जीवनशैली अनुभव हो । सीजी इलेक्ट्रोनिक्स चौधरी ग्रुप अन्तर्गतको प्रमुख उपभोक्ता प्रविधि ब्रान्ड हो ।

### ग्लोबल आइएमई समुन्नत योजना–२ म्युचुयल फण्ड निष्काशन




**काठमाडौं/मस** – ग्लोबल आइएमई समुन्नत योजना-२ म्युचुयल फण्ड आइतबारदेखि संघ/संस्था तथा सर्वसाधारणको लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला भएको छ । म्युचुअल फण्डको प्रतिइकाई अंकित मूल्य १० रुपैयाँ दरको छ । त्यस्तै, १२ करोड इकाईमध्ये न्यूनतम् बिक्री हुनुपर्ने ६ करोड वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम् १५ प्रतिशत इकाईमध्ये योजना व्यवस्थापक कम्पनी ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई १.५ प्रतिशत वा १८ लाख इकाई छुट्याएको छ ।

कोष प्रवर्द्धक कम्पनी ग्लोबल आइएमई बैंकका लागि १३.५० प्रतिशत वा १ करोड ६२ लाख इकाई बीज पुँजीको रूपमा रहनेछ । बाँकी न्यूनतम् १० करोड २० लाख इकाईको लागि विभिन्न संघ संस्था/सर्वसाधारणको लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला भएको छ । यस योजनामा संघ/संस्था तथा सर्वसाधारणले न्यूनतम एक सय इकाई र अधिकतम् एक करोड बीस लाख इकाईको आवेदन दिन सक्ने छन् ।

# १४ कृषकले पाए राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार



**काठमाडौं/मस–** देशभरका १४ जना कृषकलाई राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा राष्ट्रपति भवन शितलनिवासमा आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले सातै प्रदेशको प्रतिनिधित्व हुने गरि एक प्रदेशवाट दुई जनालाई पुरस्कार प्रदान गरिएको थियो ।

पुरस्कृत हुने कृषकहरूमा कोशी प्रदेशवाट सुरेश कुमार मेहता (आर्य कृषि फर्म) र रमेश साह (रमेश कृषि फर्म) मधेस प्रदेशवाट भरत कुमार यादव (शम्भुनाथ माछा फर्म) र हिरा बहादुर थापा मगर (निजगढ केरा एग्रीकल्चर) तर्फ पुरस्कृत भएका हुन् । यस्तै वाग्मती प्रदेशवाट चेत प्रसाद ढकाल (कालिका पशु विकास केन्द्र) र दयाराम मचामसि ग्रीनलाईन एग्रो प्राली) गण्डकी प्रदेशवाट छिरिङ ढोका गुरुङ (ङवाङ हिसी कृषि तथा पशुपन्छी अर्गानिक फर्म) र बाटुली तिवारी (मित्र वाटिका कृषि फर्म), लुम्बिनी प्रदेशवाट जयपाल मौर्य(खाद्यन्न वाली) र सुवास कुर्मी (शान्ती उन्नत पशुपालन तथा माछा फर्म) छन् । त्यस्तै कर्णाली प्रदेशवाट गोविन्द ओली (तरकारी खेती) र भरतनाथ योगी(सुन्तला खेती) र सुदुरपश्चिम प्रदेशवाट प्रेमप्रसाद जोशी (खप्तड पशुपन्छी तथा कृषि फर्म ) र लोकबहादुर थापा (कैलाशेधरी कृषि तथा पोल्ट्री फर्म प्राली) छन् ।

पुरस्कृत कृषकलाई जनही दुई लाख रुपैयाँ प्रदान गरिएको छ । पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले कृषि व्यवसायलाई प्राथमिकतामा राखी युवा केन्द्रित स्टार्टअप कार्यक्रमहरू सञ्चालन गरी युवा जनशक्तिलाई प्रोत्साहन गर्नुपर्ने उल्लेख गरे । उनले विदेशबाट फर्केका युवाहरूलाई उनीहरूले सिकेर आएको सीप प्रयोग गर्ने गरी कृषिमा आकर्षित गर्ने पनि वातावरणको निर्माणमा हाम्रा नीति निर्माता, सरकार र व्यावसायिक संस्थाहरूले विशेष ध्यान दिनुपर्ने बताए । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले उत्कृष्ट कृषक पुरस्कारले कृषि पेशालाई आत्मसम्मान र सम्भावनाको बाटोका रूपमा स्थापित गर्दै समाजमा नयाँ प्रेरणा दिएको उल्लेख गरे । मन्त्री अधिकारीले भने 'यो सफलताले विशेष गरी युवाहरू, महिलाहरू र साना कृषकहरूका लागि प्रेरणाको स्रोत बनेको छ, जसले कृषि पेशाप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याइरहेको छ ।'

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
ओखलढुंगा
कोशी प्रदेश,नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/०३/२३

यस कार्यालयको मिति २०८२/०२/०८ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-BRIDGE-32-2081/082 | Construction of "Dudhe Khola Bridge" Along Tarkebari-Gamnangtar Road,Okhaldhunga | Bamkali-Jayakrishna-Star J/V Manthali-1, Ramechhap,Nepal | NRs. 3,28,79,450.31 |

Office Chief

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ